साकेला गाउँपालिकाको

# नीति, कार्यक्रम तथा बजेट -आ.व. २०८३/०८४

साकेला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ ।

प्रस्तुत कर्ता:

मान्य बिर्सिका राई

उपाध्यक्ष

साकेला गाउँपालिका, मानेभन्ज्याङ, खोटाङ ।

साकेला गाउँपालिकाको मिति २०८३।३।१० गतेको सोह्रौं गाउँ सभामा प्रस्तुत भई मिति २०८३।३।१० गते स्वीकृत गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट २०८३/०८४ नियमानुसार प्रमाणित गर्दछु ।

मितिः २०८३।०३।११

............................ .......
रवि प्रकाश राई
अध्यक्ष

सभा अध्यक्ष महोदय,
गाउँ सभाका मान्य सदस्यज्यूहरु,
गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी वर्ग,
सुरक्षाकर्मी तथा पत्रकार मित्रहरु ।

सर्वप्रथम म आजको यस सम्मानित सोह्रौं गाउँ सभामा साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा आफूलाई सौभाग्यशाली ठान्दै गौरवको अनुभूति गरिरहेकी छु । सर्वप्रथम नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न योगदान गर्नुहुने तमाम नेपाली जनता र साकेला गाउँपालिकावासी नागरिक प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसैगरी नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको सम्पूर्ण लडाइँमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रदासुमन हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सभा अध्यक्ष महोदय,

साकेला गाउँपालिकाको दिगो विकासको प्रयासलाई अगाडि बढाइरहँदा नेपालको संविधान, दिगो विकासको लक्ष्य (वर्तमान अवस्था र भावी मार्गचित्र -सन् २०१६ -२०३०), नेपालको दीर्घकालीन सोच सहितको सोह्रौं योजना तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको क्षेत्राधिकार भित्र रही गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न किसिमका ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको व्यहोरा अनुरोध गर्दछु । साकेला गाउँपालिकाको प्रथम पाँच वर्षे आवधिक योजना (२०८०/०८१ - २०८४/०८५) लगायत उल्लिखित ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको अधिनमा रही गाउँपालिकाको विकासको प्राथमिकताका क्षेत्र निर्धारण गरी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

सभा अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाले लिएको मुख्य आधार एवम् योजना छनौट प्रक्रियाको प्राथमिकताको आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लिइएका मुख्य आधारहरुः**

१. नेपालको संविधानको अनुसूची -८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारहरु,
२. नेपालको संविधानको भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक, सांस्कृतिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को स्थानीय आर्थिक कार्य प्रणाली,
३. दिगो विकासको लक्ष्य (वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६-२०३०),
४. नेपाल सरकारको योजनावद्ध विकास प्रयासको संक्षिप्त समीक्षा सहितको सोह्रौं योजना (आर्थिक वर्ष २०८१/०८२ -२०८५/०८६),
५. कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२ -२०८५/०८६),
६. साकेला गाउँपालिकाको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०८०/०८१-२०८४/०८५),
७. राष्ट्रिय भू -उपयोग नीति, २०६९,
८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
१०. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४,

११. संघीय सरकार, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७,
१२. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),
१३. नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु/नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
१५. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,
१६. संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु,
१७. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट शिलिङ तथा मार्गदर्शन,
१८. स्थानीय राजश्व परामर्श समितिले निर्धारण तथा प्रक्षेपण गरेको आन्तरिक स्रोत,
१९. गाउँपालिकाको भूगोल, हावापानी, धर्म, संस्कार, रीतिरिवाज र सामाजिक संरचना,
२०. गाउँपालिकामा उपलब्ध हुन सक्ने प्राकृतिक, भौतिक तथा मानवीय स्रोत,
२१. गाउँपालिकामा तयार भइसकेको भौतिक पूर्वाधार लगायत अन्य विषयगत पूर्वाधारहरु ।

**आर्थिक वर्ष २०८३/०८४ को लागि योजना छनौट प्रक्रियाको प्राथमिकताका आधारहरुः**

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न शिर्षकमा हस्तान्तरण हुने वित्तीय अनुदान,
२. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेको बजेट सिमा तथा मार्गदर्शन,
३. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने योजनाहरु,
४. संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार निकाय र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन भईरहेका क्रमागत तथा बहुवर्षीय योजनाहरु,
५. विविध कारणले समयमा सम्पन्न हुन नसकेका अधुरा योजनाहरु,
६. अन्तर गाउँपालिकाको विकासमा ठोस योगदान दिने योजनाहरु,
७. भूगोल र हावापानीको आधारमा हुने व्यावसायिक कृषि तथा पशु पकेट क्षेत्रका योजनाहरु,
८. एक टोल एक उत्पादन,
९. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनाहरु,
१०. निजी लगानी तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन,
११. रैथाने जातको कृषि बाली, नगदे बाली तथा पशुपन्छी विकास,
१२. रोजगारमूलक, उत्पादनमूलक तथा कम समयमा प्रतिफल दिन सक्ने क्रियाकलापहरु,
१३. स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग हुने योजनाहरु,
१४. स्थानीय वासिन्दाबाट जनसहभागिता जुट्ने तथा कम लागतमा सम्पन्न हुन सक्ने योजनाहरु,
१५. प्राकृतिक प्रकोप, विपद व्यवस्थापन तथा वातावरण संरक्षणमा सहयोग पुग्ने योजनाहरु,
१६. स्थानीय भाषिक, धार्मिक, सांस्कृतिक, भेषभूषाको विकासमा सघाउ पुग्ने,
१७. लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने,
१८. सामाजिक जवाफदेहीता, पारदर्शिता र सामाजिक रुपान्तरण सहितको सुशासन अभिवृद्धि हुने,
१९. शिक्षाको गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउने,
२०. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्न सक्ने योजनाहरु,
२१. बालमैत्री, महिलामैत्री, पोषणमैत्री, अपाङ्गमैत्री, खानेपानी तथा सरसरफाइमैत्री, वातावरणमैत्री अभियानमा सघाउ पुर्याउने,
२२. स्थानीय भाषा, कला र सांस्कृतिकको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा टेवा पुग्ने,
२३. पर्यटन विकासको पूर्वाधारका योजनाहरु ।

सभा अध्यक्ष महोदय,

अव म यस साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को समष्टिगत नीति तथा विषयमतहरु नीति यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**साकेला गाउँपालिकाको समष्टिगत नीतिहरुः**

१. सुशासन सहितको दिगो विकासको अवधारणालाई आत्मसाथ गरिनेछ,

२. निर्माणाधिन पूर्वाधारका योजनाहरु प्राथमिकीकरण गरी क्रमिक रुपमा स्तरोन्नति गर्दै लगिनेछ,

३. साकेला गाउँपालिकाको सवै माध्यमिक विद्यालयहरुको कक्षा ६ देखि कक्षा १२ सम्म गुणस्तरीय शिक्षाको विकासमा विशेष भूमिका निर्वाह गर्ने पूर्ण डिजिटल शिक्षा प्रणाली सञ्चालनमा आएको छ । क्रमिक रुपमा अन्य विद्यालयहरुमा समेत प्रविधिमैत्री शिक्षा प्रणाली लागू गर्दै लगिनेछ,

४. गाउँपालिकालाई आवश्यक पर्ने प्राविधिक जनशक्तिको उत्पादनमा जोड दिइनेछ,

५. पर्यटन प्रवर्द्धन तथा विकासका लागि वनेको टेम्के, धन्नेश्वरी गुफा, चखेवाभन्ज्याङ, तावाताल, सेल्मेडाँडा, मपारुङ भीर आदिको एकीकृत गुरु योजना अनुसारका कार्यहरु क्रमिक रुपमा गर्दै लगिनेछ,

६. साकेला गाउँपालिका वडा नं. ३ को तावाभन्ज्याङ क्षेत्रमा बहुसांस्कृतिक भिलेज र त्रि-धार्मिक पार्क निर्माण गर्न बनेको परियोजनाको विस्तृत प्रतिवेदन (DPR) बमोजिमका संरचनाहरु निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ,

७. वसाइँसराइको दरलाई कम गर्न शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, सञ्चार, विजुली आदिको उचित प्रवन्ध गर्दै लगिनेछ,

८. रैथाने जातका पशुपन्छी, कृषि र फलफूलको खोजी गरी यिनीहरुको संरक्षण तथा विकास गर्दै लगिनेछ,

९. स्वच्छ तथा वातावरणमैत्री गाउँपालिका निर्माणको लागि आधार स्तम्भको रुपमा रही आएको पूर्ण सरसफाइ अभियानलाई निरन्तरता दिइनेछ,

१०. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाह वातावरणमैत्री, महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिकमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाइमैत्री वनाइनेछ,

११. एक गाउँ एक टोल एक उत्पादनको नीतिलाई निरन्तरता प्रदान गरिनेछ,

१२. आकस्मिक एयर एम्बुलेन्स सेवा सञ्चालनलाई व्यवस्थित गर्दै लगिनेछ,

१३. साकेला गाउँपालिकाको गौरवको सडक आयोजनाहरुको स्तरोन्नति तथा कालोपत्रे सडक निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ,

१४. प्रमुख सडक खण्डमा रहेको खोलाहरुमा पक्की सडक पुल निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ । सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविरलाई निरन्तरता दिइनेछ,

१५. अशक्त अवस्थाका लाभग्राही पहिचानका लागि बैंकसँगको सहकार्यमा हुने घरदैलो अभियानलाई निरन्तरता दिइनेछ,

१६. गाउँपालिका र मातहतका सबै सरकारी कार्यालयहरुबाट विद्युतीय प्रविधिबाट सेवा प्रदान गर्दै लगिनेछ,

१७. विद्युतीय प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दा आवश्यक पर्ने विद्युतीय उपकरण जडान गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

१८. मुन्दुम पदमार्ग सेरोफेरोमा निर्माण हुने समरचनाहरु किरात धर्म, संस्कृति र सभ्यता अनुरुप निर्माण गर्न टेम्के मैयुम गाउँपालिकासँग समन्वय गरिनेछ ।

१९. मुन्दुम पदमार्गको विकास, शान्तिसुरक्षा, प्रवर्द्धन तथा संरक्षणका लागि छिमेकी गाउँपालिकासँग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

२०. मुन्दुम पदमार्ग निर्माणका लागि मिति २०७७ साल मंशिर २२ गते पहिलो चपरी माटो खनेको साकेला गाउँपालिका वडा नं. ३ स्थित तावाभन्ज्याङमा हरेक वर्ष मुन्दुम पदमार्गको स्थापना दिवस मनाउदै गइनेछ ।

२१. साकेला गाउँपालिकाको युवा पुस्तालाई सरकारी सेवा प्रवेशमा प्रोत्साहन गर्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. साकेला गाउँपालिकालाई डिजिटल पालिका निर्माण गर्न आफ्नै सफ्टवेरको विकास गर्दै लगिनेछ ।

**गाउँपालिकाको प्रथम पञ्चवर्षे आवधिक योजना (२०८०/०८१ -२०८४/०८५) मा समावेश भएका गौरवका योजनाहरुः**

- तावाभन्ज्याङ क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्यटकीय पूर्वाधार तथा तावाताल निर्माण गरिनेछ ।
- बाँझेच्यानडाँडा -रतन्छा -मानेभन्ज्याङ -काल्चिङखोला सडक स्तरोन्नति सँगै कालोपत्रे सडक निर्माण, साप्सुखोला-मानेभन्ज्याङ -तावाभन्ज्याङ कालोपत्रे सडक निर्माण र कात्तिके -सोस्तुङ -नैनेपाटी रतन्छा सडक स्तरोन्नतिसँगै कालोपत्रे सडक निर्माण गरिनेछ ।
- मपारुङभीर, धन्नेश्वरी गुफा, साकेला पार्क, लामीदुवाली र तावादोभानको क्रमिक रुपमा पर्यटन प्रवर्द्धन गरिनेछ ।
- स्वच्छ खानेपानी सेवा अन्तर्गत एक घर एक धारा नीति लिइनेछ ।
- प्यारापिट सहितको दारुलाटार र नौलाखर्क खेलमैदान निर्माण गरिनेछ ।
- सहज स्वास्थ्य उपचार सेवा अन्तर्गत स्वास्थ्य संस्थाहरुबाट आधुनिक संरचना सहित गुणस्तरीय सेवा प्रदान गरिनेछ ।
- साकेला गाउँपालिकाको सिमानामा साकेला ट्रेल र सांस्कृतिक भिलेज निर्माण गरिनेछ ।
- शिक्षाः छ वटा माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालय निर्माण गरिनेछ ।
- साकेला गाउँपालिकाको भाषा, कला, संस्कृतिको संरक्षण गरी नमूना पालिका निर्माण गरिनेछ ।
- तेलहन बालीको उत्पादनमा वृद्धि गरी (माछा, मौरी) अन्य कृषि उत्पादनमा जोड दिइनेछ ।
- गाउँपालिकामा एक घर -एक व्यवसाय -एक रोजगार कार्यक्रम नीति लागू गरिनेछ ।

**विषय क्षेत्रगत नीतिहरुः**

क. आर्थिक विकास सम्बन्धी नीतिहरुः

२३. साकेला गाउँपालिकाको कृषि तथा पशुपन्छी क्षेत्रको समूचित विकासका लागि किसान, किसान समूह, किसान सहकारी तथा कषि उद्यमीहरुलाई प्रोत्साहन गर्न सहुलियत कृषि ऋणको व्यवस्था गरिनेछ । कृषि ऋण परिचानलका लागि गाउँपालिकामा एक कोषको व्यवस्था गरिनेछ ।उक्त कोषको रकम कृषि तथा पशुपन्छी अनुदान एवम् ऋण परिचालन कार्यविधि तर्जुमा गरी परिचालन गरिनेछ ।

२४. साकेला गाउँपालिकाको आर्थिक अवस्थामा सुधार गर्न एक घर -एक व्यवसाय -एक रोजगारको नीतिलाई निरन्तरता दिइनेछ ।

२५. स्थानीय स्तरमा सिर्जना हुने रोजगारीको अवसरमा बैदेशिक रोजगार गुमाइ घर फर्केका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

२६. कृषिमा आधारित साना उद्योगको विकास गर्न व्यवसायीलाई प्रोत्साहन गर्न उद्योगीहरु मध्येको उत्कृष्ट एक उद्यमी छनौट गरी पुरस्कृत गरिनेछ ।

२७. साकेला गाउँपालिकामा सञ्चालन भइरहेको अल्लोको कपडा निर्माण तथा बाँसकला उद्योगलाई निरन्तरता प्रदान गरिनेछ ।

२८. साकेला गाउँपालिकाको कफी हुने स्थानहरुमा कफी खेतीको विस्तार गर्दै लगिनेछ । तुलनात्मक रुपमा अठार सयभन्दा वढी उचाइको भूगोलमा उत्पादन हुने कफीको विश्व बजार मूल्य उच्च हुने हुँदा उक्त स्थानहरुको पहिचान गरी कफी खेती गर्न प्रोत्साहित गर्दै लगिनेछ ।

२९. चिया खेतीको सम्भाव्यता अध्ययन गरी सम्भावित क्षेत्रहरुमा चिया खेती गर्न प्रोत्साहित गरिनेछ ।

३०. मानव स्वास्थ्य एवम् विश्व बजारलाई ध्यान दिंदै गाउँपालिकालाई पूर्ण अर्गानिक कृषि गाउँपालिकाको रुपमा विकास गर्न अर्गानिक कृषि उत्पादनको लागि प्राङ्गारिक मल तथा जैविक विषादीको उत्पादन तथा प्रयोगलाई निरन्तरता प्रदान गरिनेछ ।

३१. परम्परागत रुपमा गरिदै आएको निर्वाहमुखी खेती प्रणालीमा व्यापक सुधार गर्न भू-उपयोग वर्गीकरण तथा माटो परीक्षणको प्रतिवेदनको आधारमा कृषि/पशु तथा फलफूलको पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक खेती प्रणाली एवम् सहकारिताको विकासमा जोड दिइनेछ ।

३२. खाने तेलमा आत्मनिर्भर हुन तोरी, फिलुङ्गे तथा रायोको उत्पादनलाई निरन्तरता प्रदान गरिनेछ ।

३३. लोपोन्मुख अवस्थामा रहेका रैथाने जातका कृषि तथा पशु उपजहरुको खोजी, संरक्षण, विकास तथा बजारीकरणका लागि वीउ उत्पादन गर्न जोड दिइनेछ ।

३४. कृषिको व्यवसायीकरणमा सहयोग पुर्याउने कृषि सामग्री तथा उपकरणहरुको उपयोगमा जोड दिइनेछ ।

३५. दिगो भू-व्यवस्थापन तथा कृषि बाली सुधारको लागि गोठ सुधार तथा भकारो सुधारको कार्यलाई निरन्तरता दिइनेछ ।

३६. कृषि उपज खाद्यान्नहरुको भण्डारणका लागि सोलार ड्रायर, रष्टिक स्टोर, सेलार स्टोर आदि जस्ता प्रविधिहरुको प्रवर्द्धन तथा विकासका कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

३७. सौर्य विस्कुन (Solar drier) स्थानीय सामग्रीहरुको अधिकतम उपयोग गरी कम मूल्यमा निर्माण गर्न अनुसन्धान, निर्माण तथा प्रदर्शन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३८. साकेला गाउँपालिकाको आर्थिक विकासको मुख्य मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको उत्पादनमा वृद्धि गरी कृषि पेशा मर्यादित, व्यावसायिक वनाउन युवा जनशक्तिको परिचालनमा जोड दिइनेछ ।

३९. साकेला गाउँपालिकामा उत्पादित कृषिजन्य वस्तु (खाद्यान्न, दलहन, तेलहन, फलफूल, मसलाजन्य तथा जडिवुट्टी) हरुको संकलन, विक्रि वितरण तथा ढुवानी सहजताका लागि गाउँपालिकाले तयार गरेको कार्यविधि अनुसार कृषि एम्वुलेन्स सेवा सञ्चालन गरिने छ ।

४०. सिचाईंको लागि आवश्यक पर्ने पानीको लागि परम्परागत रुपमा सञ्चालन हुँदै आएका कुलो एवम् सम्भाव्यताका आधारमा नयाँ कुलोहरुको निर्माण, वर्षाको पानी संकलन लगायत अन्य सिँचाइ प्रविधिहरुको विकास गर्दै लगिनेछ ।

४१. साकेला गाउँपालिकामा उत्पादन भएका सम्पूर्ण कृषि उपज तथा अन्य वस्तुहरुको बजारीकरणको लागि सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ ।

४२. खाद्यान्न, तरकारी, फलफूल तथा मसला जन्य कृषि उपजहरुको प्रशोधनका लागि आवश्यक पर्ने तालिम एवम् मेशिन उपकरणको व्यवस्था गर्दै लगिनेछ ।

४३. तरकारी तथा मासुलाई सफा एवम् सुरक्षित तरिकाले विक्रीवितरण गर्न मानेभन्ज्याङ बजारमा तरकारी तथा पशु वधशाला निर्माण गरिएको छ भने क्रमिम रुपमा अन्य वजार क्षेत्रहरुमा समेत तरकारी तथा पशु बधशालाको निर्माण गर्दै लगिनेछ ।

४४. नेपाली चाडपर्व लक्षित गरी रैथाने घरेलु तथा जङ्गली जातका फूलहरु व्यवसायिक रुपमा उत्पादन तथा विक्री वितरण गर्न किसान तथा व्यवसायीहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

४५. लोप भइसकेको तथा लोपोउन्मुख रैथाने प्रजातिका पशुपन्छी, अन्नबाली, सागसब्जी, दलहन, तेलहन, फलफूल तथा मसलाजन्य कृषि उपजहरुको खोजी, संरक्षण तथा विकास गर्दै लगिनेछ ।

४६. मनोरञ्जन तथा विभिन्न अवसरमा एक आपसमा शुभकामना आदानप्रदान गर्नका लागि उपयुक्त स्थानहरुको खोजी गरी वनभोज तथा भेटघाट स्थलहरुको स्थापना र विकास गर्दै लगिनेछ ।

४७. प्राकृतिक स्रोत सम्पदाको अध्ययन अनुसन्धान गर्न मपारुङ टेम्के सामुदायिक वन क्षेत्रमा सम्वन्धित पक्षहरुसँग समन्वय गरी पर्यापर्यटनको पूर्वाधार विकास गर्न पहल गरिनेछ ।

४८. आन्तरिक तथा वाह्य पर्यटकहरुलाई लक्षित गर्दै परम्परागत रुपमा सञ्चालन हुँदै आएका पैदल मार्गहरुको स्तरोन्नति गरिनुका साथै चखेवाभन्ज्याङ -मपारुङ भीर–मानेभन्ज्याङ –पाँचधारे, चखेवाभन्ज्याङ –टेम्के र मानेभन्ज्याङ -टेम्के जैविक पदमार्गहरुको निर्माण गर्न निरन्तर पहल गरिनेछ ।

४९. साकेला गाउँपालिकालाई नासपातीको केन्द्र स्थल (हव) वनाउन वडा समिति तथा स्थानीय वासीको समन्वय र सहभागीतामा गाउँपालिकाको भूगोलभित्र निर्माण हुने गौरवका सडक लगायत अन्य सडकहरुको दायाँबायाँ नासपातीको विरुवा रोप्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

५०. परम्परागत खाद्य प्रविधिहरुको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ ।

५१. कृषि तथा पशु विकासमा योगदान पुर्याउने कृषक तथा फर्महरुको व्यवसायमा प्राकृतिक प्रकोपको कारण उत्पन्न हुन सक्ने जोखिमलाई आर्थिक रुपमा मद्दत गर्न पशु तथा कृषि वीमाको लागि सम्वन्धित वीमा कम्पनीहरुसँग समन्वय गर्दै लगिनेछ ।

५२. साकेला गाउँपालिकामा उत्पादन हुने कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न स्थानीय एवम् वाह्य लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

५३. रैथाने जातका कृषि तथा पशुपन्छी उपजको अर्गानिक उत्पादनको माध्यमबाट कृषि पर्यटनको पूर्वाधारको कार्यमा जोड गरिनेछ ।

ख. सामाजिक विकास सम्बन्धी नीतिहरु:

५४. किशोर किशोरी, नव विवाहित जोडी र उनीहरुका अविभावकहरुलाई गर्भवती/पेटमा भएको वच्चा आदिको वारे स्वास्थ्य परामर्श कार्यक्रमको शुरुवात गरिनेछ ।

५५. आर्थिक वर्ष २०८२/०८३ बाट शुरु भएको विद्यमान व्यक्तिगत, राष्ट्रिय ऋणको बोझ र त्यसबाट प्रभावित साना बालबालिकाहरुको उज्ज्वल भविष्य सुनिश्चित गर्ने उद्देश्यकासाथ देश कै नयाँ र पहिलो "भविश्य योजना" नीतिलाई निरन्तरता दिइनेछ । सम्वन्धित लाभग्राहीले आफ्नो खातामा जम्मा भएको रकम उद्यम तथा शिक्षाको विकासमा मात्र खर्च गर्न सक्नेछ ।

५६. गरिबीको रेखामुनी रहेका गर्भवती महिला, सुत्केरी आमा तथा नवजात शिशुको पोषण सुधारका लागि कोष स्थापना गरिनेछ । उक्त कोषको रकम गरिबीको मापदण्ड वमोजिम उपलब्ध गरिनेछ ।

५७. समृद्ध, समुन्नत र दिगो विकासका लागि एकिकृत दीगोपन लेखापरीक्षण गर्न शुरु गरिनेछ । स्रोत र साधनको न्यायोचित उपयोग, वातावरण संरक्षण, समावेशिता सुशासनका पक्षहरुको मूल्याङ्कन गरी स्थायित्व सूचकाङ्क तयार गरिनेछ । यसबाट साकेला गाउँपालिकालाई वर्तमान र भावी पुस्ताको आवश्यकता महशुस गरी समुन्नत र समावेशी विकासतिर अगाडि वढ्न मार्गदर्शन प्राप्त हुनेछ ।

५८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई राष्ट्रिय परिचयपत्र सहितको बायोमेट्रिक प्रणालीमा आवद्धता गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

५९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै प्रकारका लाभग्राहीहरुलाई उनीहरुको सम्पूर्ण विवरण समावेश भएको बायोमेट्रिक परिचयपत्र प्रदान गर्ने कार्य गरिनेछ ।

६०. व्यक्तिगत घटना दर्ता व्यवस्थित बनाउन प्रत्येक वडा कार्यालयमार्फत सञ्चालन भइरहेको अनलाईन प्रणालीबाट घटना दर्ता गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

६१. साकेला गाउँपालिकाबाट अन्य गाउँपालिका, जिल्ला वा प्रदेशमा वसाइँ सरी जानेको सङ्ख्या वढिरहेको कारण साकेला गाउँपालिकाको जनसङ्ख्या घटिरहेको हुँदा साकेला गाउँपालिकाको जनसङ्ख्या सन्तुलन कायम राख्न अन्य स्थानबाट वसाइँ सरी आउने परिवारलाई वसाइँ सरी आएको घट्ना दर्ता पश्चात वडाको सिफारिसमा प्रोत्साहन तथा सम्मान स्वरुप रकम रु. ५०००।- (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) दिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

६२. साकेला गाउँपालिकाको सिमानामा बहु-सांस्कृतिक पदमार्ग निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर पहल गरिनेछ ।

६३. बहु-सांस्कृतिक पदमार्गको शुन्य विन्दु तावाभन्ज्याङमा निर्माण शुरु भएको सांस्कृतिक भिलेज निर्माणको कार्य सम्पन्न गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

६४. बहु-सांस्कृतिक पदमार्गको विभिन्न स्थानमा स्थानीय जातजातिको घर, वसोवास, धर्म, संस्कृति, भेषभूषा, रहनसहन झल्कने किसिमको वस्तीको विकास गर्दै लगिनेछ । यस्ता वस्तीहरुमा निर्माण हुने घर तथा टहराको डिजाइन गाउँपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

६५. विश्व महामारीको रुपमा फैलिन सक्ने विभिन्न किसिमको सरुवा रोगहरुबाट वच्न नागरिकलाई सचेतनामूलक कार्यक्रम गर्दै लगिनेछ ।

६६. गाउँपालिकामा सञ्चालन भइरहेका प्राविधिक शिक्षालय तथा अप्राविधिक शिक्षण संस्थाहरुको भौतिक तथा शैक्षिक गुणस्तर सुधारमा विशेष जोड दिइनेछ ।

६७. प्रत्येक नागरिकको स्वच्छ खानेपानी उपभोगको नैसर्गिक अधिकारलाई मध्यनजर गर्दै खानेपानीको स्रोतको पहिचान गरी तत्कालीन र दीर्घकालीन योजना तयार गरिनेछ ।

६८. विद्यालयको आधारभूत तहलाई गुणस्तरीय बनाउन बालमैत्री कक्षा कोठा र बालमैत्री विद्यालयको अवधारणालाई कार्यान्वयन गर्दै लगिनेछ ।

६९. सरकारी तथा सामुदायिक विद्यालयको शैक्षिक आकर्षण र गुणस्तरमा वृद्धि गर्दै उत्कृष्ट नागरिक उत्पादन गर्न विद्यालय तथा विद्यार्थीको प्रोत्साहनका लागि चालु आर्थिक वर्षबाट माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट अंक प्राप्त गरी उतीर्ण हुने विद्यार्थी र विद्यालयहरुलाई सम्मान तथा पुरस्कार दिने व्यवस्था गरिनेछ । त्यसका लागि गाउँपालिकामा माध्यमिक शिक्षा परीक्षा (SEE) विद्यार्थी सम्मान कोषको व्यवस्था गरिनेछ ।

७०. साकेला गाउँपालिकामा रहेका प्राकृतिक जडिवुट्टी तथा अन्य आयुर्वेद्धिक औषधि उपचारको प्रवर्द्धन गर्न आवश्यक खोज तथा अनुसन्धानको कार्यलाई निरन्तरता दिइनेछ ।

७१. साकेला गाउँपालिकाको सम्पूर्ण विकास प्रक्रियालाई महिलामैत्री, अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री, जेष्ठ नागरिकमैत्री र पोषणमैत्री वनाइदै लगिनेछ ।

७२. स्वास्थ्य तथा पोषणलाई ध्यान दिंदै परम्परागत रुपमा चलिआएको खानपिनको खाद्य व्यवहार परिवर्तन गर्न समुदाय तहमा विज्ञहरुको सहयोगमा समेत विभिन्न किसिमका छलफल तथा अन्तरक्रिया सञ्चालन गर्दै लगिनेछ ।

७३. स्थानीय समुदायको आस्थाको केन्द्र, धर्म, संस्कृति अनुरुपको धार्मिक स्थल, देवालयहरु स्थानीय समुदायहरुसँगको समन्वयमा तिनीहरुको संरक्षण, सम्वर्द्धन तथा विकास गरी सांस्कृतिक पर्यटनको पूर्वाधार विकासमा सहयोग पुर्याइनेछ ।

७४. प्रकृति, संकृति र आधुनिकताको संयोजनमा साकेला गाउँपालिकाको पर्यटन पूर्वाधारको विकास गर्दै समृद्ध गाउँपालिका निर्माण गरिनेछ ।

७५. खानेपानी तथा स्वास्थ्य सरसफाइको लागि स्वच्छ खानेपानीको उचित प्रबन्ध गर्दै लगिनेछ ।

७६. पूर्ण सरसफाइ अभियानमा संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

७७. खानेपानी योजनामा प्रयोग हुँदै आएको खुला धारा प्रणाली निरुत्साहित गरी बन्द धारा प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७८. व्यक्तिगत, सार्वजनिक स्थान एवम् हाटबजारबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको लागि विभिन्न स्थानमा राखिएको डस्टविनलाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

७९. विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा क्रमिक रुपमा इन्सिनिरेटरको व्यवस्था गर्दै लगिनेछ ।

८०. व्यावसायिक, व्यावहारिक, गुणस्तरीय तथा विद्यार्थीमैत्री शिक्षा पद्दति विकास गर्न शिक्षाविद्, विद्यालय व्यवस्थापन समिति, अविभावक, नागरिक समाज, विभिन्न सरकारी निकाय र विद्यार्थीहरुसँग आवश्यक छलफल तथा परामर्शको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

८१. देशमा असल तथा नैतिकवान नागरिक उत्पादनमा टेवा पुर्याउन कक्षा ८ सम्म पढाइ हुने स्थानीय पाठ्यक्रममा नैतिक शिक्षा, मानव जीवन सम्बन्धी शिक्षा तथा व्यावहारिक शिक्षा प्राप्त हुने विषयवस्तु समावेश गरी शिक्षण सिकाइ शुरुवात गरिनेछ ।

८२. आधारभूत विद्यालयहरुमा राज्यले निर्धारण गरेको विषयवस्तुका अतिरिक्त पृथ्वीमा ब्रमाण्डको प्रारम्भदेखि, विकास र अन्त्य सम्मको ज्ञान, प्रकृति, जीव तथा मानव जीवनको अन्तर सम्बन्ध, विज्ञानले वनाएको समय, परिवर्तनको लागि मानव जीवनमा समयको महत्व, मानव जीवनमा नैतिक शिक्षा तथा व्यावहारिक शिक्षाको महत्व, राजनैतिक र नागरिक शिक्षा बुझ्न सक्ने वृहत्तर ज्ञान हासिल गरेको नागरिक तयार हुने पाठ्यक्रम लागू गरिनेछ ।

८३. स्थानीय भाषाबाट सञ्चालन भइरहेको पठनपाठन कार्यलाई निरन्तरता दिइनेछ ।

८४. शारीरिक र मानसिक रुपमा स्वास्थ्य, सवल र सक्षम नागरिक उत्पादन गर्न साकेला गाउँपालिकाले मानिसको पहिलो पाठशाला आमाको गर्भ हो भन्ने तथ्यलाई नव विवाहित जोडीले आत्मसाथ गरी सन्तान प्राप्तिको योजना निर्माण गर्न सक्ने शिक्षा दिने नीति लिइनेछ ।

८५. शैक्षिक सत्र २०८२/०८३ बाट २२ वटा बालबिकास केन्द्रहरुमा शुरु भएको बालमैत्री सिकाइलाई आगामी शैक्षिक सत्रमा पनि निरन्तरता प्रदान गरिनेछ ।

८६. शिक्षाको गुणस्तर सुधारको लागि नियमित रुपमा स्थानीय सरकार, शिक्षक, अविभावक र विद्यार्थी भेटघाट तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

८७. महिला सशक्तिकरणको लागि सञ्चालन हुँदै आएको महिलाहरुसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८८. विपन्न तथा जेहेनदार विद्यार्थी तथा सीप सिक्न इच्छुक व्यक्तिहरुका लागि प्राविधिक शिक्षा सम्बन्धी अध्ययन तथा तालिमका लागि प्रदान गर्दै आएको प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८९. साकेला गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका वनाउन निरक्षरहरुको गणना गरी नियमित रुपमा साक्षरताका कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

९०. शिक्षाको गुणस्तर वृद्धि गर्न विद्युतीय सूचना, सञ्चार र प्रविधिमैत्री पठनपाठनको व्यवस्था गर्दै लगिनेछ ।

९१. अध्ययन र सिकाइलाई सहज बनाउन विद्यालयमा रहेको पुस्तकालयलाई विद्युतीय पुस्तकालयको रुपमा विकास गर्दै लगिनेछ ।

९२. जेष्ठ नागरिक तथा लक्षित वर्गलाई राज्यबाट प्राप्त हुने सेवा सुविधाहरु सहज रुपमा प्राप्त गर्न सम्वन्धित निकायहरुसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९३. साकेला गाउँपालिकामा सिर्जना हुन सक्ने सरकारी तथा सार्वजनिक सेवा तथा रोजगारका अवसरमा अपाङ्गता भएका व्यक्ति, विपन्न महिला तथा कुनै कारणवस ठूलो विपत्तिमा परेका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

९४. गाउँपालिकाको दिगो विकास नीतिमा युवाहरुलाई अधिकतम परिचालन गर्न विभिन्न किसिमका युवा केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

९५. प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालको साझेदारी आर्थिक वर्ष २०८०/०८१ बाट सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

९६. विभिन्न नाममा घर छोडी नजिकको शहर, छिमेकी मुलुक तथा अन्य मुलुकहरुमा जाने जनशक्ति रोक्न उचित कार्ययोजना तयार गरी उद्यम विकासका कार्यहरु गर्दै लगिनेछ ।

९७. वैदेशिक रोजगारको कारणले सिर्जना भएका र हुन सक्ने सम्भावित समस्याहरुलाई सामाजिक रुपले सम्बोधन गर्ने प्रयास गरिनेछ ।

९८. विभिन्न कारणले वैदेशिक रोजगारबाट पीडित भएका व्यक्ति वा निजको परिवारको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।

९९. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन उपचारात्मक भन्दा प्रतिरोधात्मक स्वास्थ्य विकासलाई जोड दिइ स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको क्षमता विकासमा जोड दिदै लगिनेछ ।

१००. पूर्ण सरसफाइयुक्त सभ्य नागरिक, सभ्य गाउँ, सभ्य टोल, सभ्य गाउँपालिका निर्माणमा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न विभिन्न संघ/संस्था, नागरिक समाजसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०१. फोहरमैलाको दिगो व्यवस्थापन तथा प्रशोधन गर्न साकेला गाउँपालिका ३ नं. वडा ढाँडेमा सर्टिङसाइडमा फोहोरमैला संकलन तथा प्रशोधन कार्यको लागि आवश्यक भवन, सामग्री, औजार, उपकरण, जनशक्ति व्यवस्थापन गर्दै लगिनेछ ।

१०२. परापूर्वकालदेखि चलनमा रहेको स्थानीय धामी/झाँक्रीको उचित कदर गर्दै उनीहरुलाई सामाजिक मनोपरामर्शदाताको रुपमा रुपान्तरण गर्न पहल गर्दै लगिनेछ ।

१०३. सम्भावित रोगहरुबाट बच्न गर्भवती आमा तथा नवजात शिशुहरुको लागि नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क खोपहरु अनिवार्य लगाउने वातावरण सिर्जना गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१०४. गरिबीको रेखामुनी रहेका अति गरिब परिवारका व्यक्ति, गर्भवती आमा र बच्चालाई गम्भीर रोग लागेको अवस्थामा उपचार गर्न नेपालको सुविधा सम्पन्न अस्पतालमा लाने व्यवस्था गरिएको निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

१०५. आकस्मिक दुर्घट्ना, सुत्केरी व्यथा तथा अन्य गम्भिर प्रकृतिका विरामी तुरुन्त सही उपचार नपाएमा ज्यान जान सक्ने अवस्थामा रहेका पालिकाभित्रका नागरिकहरुलाई सुविधा सम्पन्न अस्पतालमा पुर्याई उपचार गर्न आकस्मिक एयर एम्वुलेन्स सेवा व्यवस्थित गर्दै लगिनेछ ।

१०६. साकेला गाउँपालिकामा शारीरिक तथा मानसिक रुपमा तन्दुरुस्त तथा असल नागरिक उत्पादन गर्न विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्दै लगिनेछ ।

१०७. खेलकुद विकासका लागि आवश्यक पर्ने कवर्डहल, भलिबल, अन्तर्राष्ट्रिय मापदण्ड भएको फुटबल खेल मैदान निर्माण एवम् प्रशिक्षक तथा खेल सामाग्रीहरुको उचित प्रबन्ध गर्दै लगिनेछ ।

१०८. मानव जीवनको शारीरिक, मानसिक तथा व्यक्तित्व बिकासमा खेलकुद क्षेत्रले अत्यन्त महत्व राख्ने भएको हुँदा खेलकुद सम्बन्धी राष्ट्रिय स्तरमा तर्जुमा भएको “राष्ट्रको लागि खेलकुदः स्वास्थ्यको लागि खेलकुद” भन्ने मुल नारालाई सार्थकता प्रदान गर्न साकेला गाउँपालिकाको सवै वडाबाट ९ वर्षको उमेर समूदेखि १५ वर्ष उमेर समूह सम्मका बालवालिकाहरुलाई खेल जगतमा आकर्षित गरी उनीहरुलाई राष्ट्रिय स्तरमा अव्वल प्रतिस्पर्धी व्यक्तिको रुपमा विकास गर्न विभिन्न किसिमका खेदकुदको संस्थागत विकास गरिनेछ । खेलकुद क्षेत्रको संस्थागत विकासको प्रारम्भिक चरणमा विश्वमा सबै भन्दा लोकप्रिय रहेको फुटबल खेलको विकास गर्न फुटबल एकेडेमीको स्थापना र सञ्चालन गर्न पहल गरिनेछ ।

१०९. साकेला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको शिक्षण शिकाइमा थप योगदान पुर्याउने उद्देश्यकासाथ अतिरिक्त शिक्षा प्रदान गर्न विद्यालयहरुसँग समन्वयमा कार्य योजना तर्जुमा गरिनेछ । उक्त कार्य योजना अनुसार गाउँ शिक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी वा विषय विज्ञबाट सम्वन्धित विषयमा कक्षा कोठमा गइ प्रस्तुतीकरण दिने व्यवस्था मिलाइनेछ ।

११०. लोपोन्मुख परम्परागत सीपहरु व्यावसायिक बनाउन यस्ता चिजको खोजी गरी संरक्षण तथा विकासको पहल गरिनेछ ।

१११. लोपोन्मुख पञ्चे बाजा, नौमती बाजा, विनायो, मुर्चुङ्गा, रैथाने वाद्यवादन लगायत स्थानीय गीत संगीतको खोजी, संरक्षण, विकास तथा बजारीकरण गर्न पहल गरिनेछ ।

११२. स्थानीय भेषभूषा, भाषा, धर्म, कला संस्कृतिको प्रवर्द्धन तथा विकासका लागि संस्कृति, पर्यटन तथा विकास नीति तर्जुमा गरिनेछ ।

११३. जातीय विभेद, लैंगिक विभेद, लैंगिक हिंसा, महिला हिंसा तथा छुवाछुत अन्त्यका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११४. समाजमा वढ्दै गएको जङफूड जस्तै कोकाकोला, डिउ, स्प्राइट, चाउचाउ आदि जस्ता वस्तुहरुको उपभोगलाई निरुत्साहित गर्न सम्बन्धित सरकारी तथा अन्य संघ/संस्था एवम् उपभोक्ताहरुसँग निरन्तर छलफल तथा परामर्श गरिनेछ ।

११५. घर तथा कार्यालयमा प्रयोग हुने विभिन्न किसिमका सामग्रीहरुको प्रयोगमा वाह्य सामग्रीलाई सकेसम्म निरुत्साहित गरी स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सामग्रीहरुको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै लगिनेछ ।

११६. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा प्रवर्द्धन गर्न विद्युतीय प्रणालीको सुदिढ्रकरण गर्न सरोकारवालाहरुसँग आवश्यक समन्वय गरिनेछ । लाभग्राहीको माग तथा आवश्यकताको आधारमा विद्युतीय चुल्हो प्रविधि तथा वायोग्यास जस्ता प्रविधिहरु विस्तार गर्दै लगिनेछ ।

११७. साकेला गाउँपालिका वडा नं. ३ को तावाताल -तावाभन्ज्याङ क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न पर्यटकीय पूर्वाधार अन्तर्गत ताल लगायत सांस्कृतिक भिलेजको स्थापना तथा सञ्चालन गर्दै लगिनेछ ।

११८. नेपाली महिलाहरुको चाडपर्वको प्रवर्द्धन तथा विकास गर्दै लगिनेछ ।

११९. साकेला गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक पर्ने सूचकहरु पूरा गर्न निरन्तर प्रयास गरिनेछ ।

ग. पूर्वाधार विकास सम्बन्धी नीतिहरुः

१२०. तावाभन्ज्याङ क्षेत्रमा वृहत पर्यटन विकासको पूर्वाधार निर्माणका लागि तावाताल निर्माण, त्रिधार्मिक पार्क र बहु-सांस्कृतिक भिलेज निर्माणको परियोजनाको विस्तृत प्रतिवेदन (DPR) तयार भइसकेकोले उक्त परियोजनाको विस्तृत प्रतिवेदन (DPR) मा समावेश भएका संरचनाहरु निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

१२१. गाउँपालिकाभित्र सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुबाट प्रवाह हुने सेवासुविधाहरु सहज रुपले प्राप्त गर्न ग्रामीण शहरीकरणको अवधारणा अनुरुपको एकीकृत बस्ती विकासमा जोड दिइनेछ ।

१२२. गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत निर्माण भइरहेको साप्सुखोला -मात्तिम -मानेभन्ज्याङ -पाँचधारे सडक, सोस्तुङ कात्तिके -रतन्छा -नैनेपाटी सडक, चखेवाभन्ज्याङ -डाँडागाउँ -नैनेपाटी -मानेभन्ज्याङ -काल्चिङखोला कालोपत्रे सडकहरु शिघ्र निर्माण कार्य सम्पन्नको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

१२३. साकेला गाउँपालिकामा ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नति गर्ने क्रममा सडकको अवस्थाको गाम्भिर्यताको आधारमा नाली सहितको ग्राभेल सडक निर्माण गर्दै लगिनेछ ।

१२४. ग्राभेल सडक निर्माणको लागि आवश्यक पर्ने मेशिन उपकरणहरु व्यवस्था गर्दै लगिनेछ ।

१२५. साकेला गाउँपालिका वडा नं. १ डाँडागाउँ - दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. ८ दोबेला सडक खण्डमा पर्ने साप्सुखोलाको गिद्देदोभानमा पक्की पुल निर्माण सम्पन्न गर्न संघीय सरकारसँग निरन्तर पहल गरिनेछ ।

१२६. चखेवाभन्ज्याङ -रतन्छा -खिदिमा सडकमा पर्ने साब्जुखोला, खोवुखोला, रुपुवाखोला, बेलियाखोला र मखुवाखोलामा पक्की सडक पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारमा निरन्तर पहल गरिनेछ ।

१२७. बाँझेच्यानडँडा -काल्लिङखोला सडक खण्ड तावाखोलाको पत्राङ्गेटार विस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिम सडक पुल निर्माणको लागि कोशी प्रदेश सरकार तथा संघीय सरकारसँग अनुरोध गरिनेछ ।

१२८. रतन्छा साल्मे दोर्पा चिउरीडाँडा सडक खण्डमा पर्ने साप्सुखोलाको लामीदुवालीमा पक्की सडक पुल निर्माणको लागि तयार भएको विस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिम सडक पुल समय मै निर्माण सम्पन्न गर्नको लागि कोशी प्रदेश सरकार तथा संघीय सरकारसँग अनुरोध गरिनेछ ।

१२९. सडक सुचारु राख्न प्रमुख सडकहरुका लागि सडक हेरालुको व्यवस्था गर्दै लगिनेछ ।

१३०. आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि अन्य गाउँपालिका, संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयलाई निरन्तरता प्रदान गरिनेछ ।

१३१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी तथा उपलब्धिमूलक बनाउन औचित्य र आवश्यकतानुसार गाउँपालिकाबाट साझेदारी गरिनेछ ।

१३२. गाउँपालिकाको मातहतमा रहेको रोजगार सेवा केन्द्रमा सूचीकरण भएका श्रमिकहरुलाई योजनाको आकार तथा महत्वको आधारमा विभिन्न वडाका कामदारहरुलाई एकिकृत रुपमा काम लगाउन सकिनेछ ।

१३३. सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि विद्यालय तथा सार्वजनिक स्थानहरुमा जनसहभागिता एवम् लागत सहभागितामा आधारित सोलार बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३४. गाउँपालिकाको गौरवका सडकहरु र अन्य सामरिक महत्वका सडकहरुमा क्रमैसँग सडक वत्ती जडान गर्दै लगिनेछ ।

१३५. नयाँ घर निर्माण गर्ने क्रममा साकेला गाउँपालिकामा वसोवास गरिरहेका विभिन्न जातजातिको सम्मान स्वरुप गाउँपालिकाले तयार गरेको १३ जातिको घरको आकार मध्ये आफूलाई मन परेको आकारको घर निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

घ. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिहरु:

१३६. स्थानीय खोला, खोल्सी तथा चिस्यानहरुमा पाइने स्थानीय/रैथाने जातका जलचर, उभयचरहरुको संरक्षण गर्दै लगिनेछ ।

१३७. स्थानीय स्तरमा प्राप्त हुने जडीवुट्टीहरुको खोजी, उत्पादन, विकास तथा प्रशोधन गर्न सम्वन्धित सरोकारवालाहरुसँग समन्वय गर्दै लगिनेछ ।

१३८. स्थानीय/रैथाने तथा आगन्तुक चराहरुको प्रवर्द्धन तथा विकासका लागि उनीहरुलाई आवश्यक पर्ने उपयुक्त वातावरण सिर्जना गर्न नागरिक समाज, विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था, चरा विज्ञ, सामुदायिक वन तथा अन्य वनहरुसँग समुचित समन्वय गर्दै लगिनेछ ।

१३९. रैथाने/स्थानीय तथा आगन्तुक वन्यजन्तुहरु वस्नको लागि उचित वासस्थान तथा आहारा उपलब्धताको व्यवस्थापनको लागि वन्यजन्तु विज्ञ, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु, नागरिक समाज, निजी तथा सामुदायिक वन, सरकारी वनहरुसँग गरिने समन्वयको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१४०. रैथाने जातका लालीगुराँस, चिमाल, सुनाखरी लगायतका जङ्गली तथा सयपत्री, मखमली, अजम्वरी आदि घरेलु फूलहरुको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि फूल विज्ञ, नागरिक समाज, निजी वन, सामुदायिक

तथा सरकारी वन तथा अन्य सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुसँगको समन्वयलाई निरन्तरता दिइनेछ ।

१४१. हरित गाउँपालिका निर्माण गर्न सरकारी वन, निजी वन, सामुदायिक वन तथा अन्य वन क्षेत्रहरुको संरक्षण तथा विकास गर्न सबै सम्वद्ध पक्षहरुसँग समन्वय गरिनेछ ।

१४२. वनजङ्गल तथा वन क्षेत्रबाट आर्थिक लाभ प्राप्त गर्न सरकारी तथा सामुदायिक वनहरुसँग समन्वय गरी सम्भावित क्रियाकलापहरु सञ्चालन गर्दै लगिनेछ ।

१४३. वनजङ्गल विकास एवम् विस्तारका लागि रैथाने जातका विरुवाहरुको खोजी, संरक्षण तथा नर्सरीको विकास गरी वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१४४. गाउँपालिकामा प्राकृतिक एवम् मानव निर्मित/सिर्जित विभिन्न किसिमका विपत्तिहरु व्यवस्थापन गर्न पालिकामा रहेको विपद् व्यवस्थापन कोषलाई थप मजवुत वनाउदै लगिनेछ । यस्ता विपत्तिहरुबाट वच्नका लागि सम्वन्धित सवै सरोकारवालाहरुसँग उचित समन्वय गरी विपद् योजना बनाइ कार्यान्वयन गरिनेछ ।

१४५. आकस्मिक पूर्वाधार सेवा सञ्चालनः साकेला गाउँपालिकामा निर्माणाधिन वा निर्माण सम्पन्न भएका पूर्वाधारका (सडक तथा भवन) आयोजनाहरु प्राकृतिक प्रकोपको कारण क्षति भएमा क्षति भएको संम्रचना तत्काल निर्माण/मर्मत गर्न आकस्मिक पूर्वाधार सेवा सञ्चालनको मापदण्ड तयार गरी आकस्मिक पूर्वाधार सेवालाई निरन्तरता दिइनेछ ।

१४६. गाउँपालिकामा निर्माण भइरहेका गौरवका सडक लगायत अन्य सडकहरुको दायाँबायाँ वायो इन्जिनियरिङ्ग प्रविधि अन्तर्गत अम्लिसो, नेपियर, खर, डालेघाँस रोप्न सम्वन्धित जग्गा धनीहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

१४७. स्थानीय खोला/खोल्साहरुमा विभिन्न किसिमका रसायनयुक्त विषादी तथा करेन्टको प्रयोग गरी विभिन्न किसिमका जलचर/माछा मार्ने कार्यलाई पूर्णरुपमा रोक लगाउन छिमेकी स्थानीय तहसँग समन्वयको कार्यलाई निरन्तरता दिइनेछ ।

१४८. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनमा जोड दिइनेछ ।

१४९. पर्यावरण संरक्षण तथा पानीको स्रोतहरुको संरक्षण तथा विकासका लागि स्थानीय तहमा जनचेतना जगाउँदै प्राकृतिक हिसाबले सम्भावित स्थानहरुमा साना जलशायहरुको निर्माण गर्दै प्राकृतिक तथा परम्परागत रुपमा निर्माण भएका सानातिना जलशायहरुको संरक्षण एवम् पुनर्निर्माणमा जोड दिइनेछ ।

१५०. निजी वनबाट तोकिए बमोजिमका काठहरु निर्यात गर्दा काठ निर्यात गर्ने ठेकेदारलाई गाउँपालिकामा राजश्व बुझाउने वेलामा परेको समस्यालाई मध्येनजर गर्दै आगामी आर्थिक वर्षबाट काठ विक्री गर्ने रुख धनीको रुख काट्ने प्रयोजनको लागि सम्वन्धित वन कार्यालयबाट काटिने रुखमा टाँचा हानेकै बखत सम्वन्धित वन कार्यालयसँगको समन्वयमा ठेकेदारलाई गाउँपालिकाको नियम बमोजिम तिर्नु पर्ने राजश्व अनिवार्य तिर्ने वातावरण तयार गरिनेछ ।

१५१. निजी वनमा काठ निकासीको लागि रुख काट्दा वन पाखामा भएको कुल रुख विरुवाको २५ प्रतिशत रुख विरुवा वाँकी राखि प्रचलित कानुन बमोजिम रुख काट्ने प्रावधानलाई अक्षरस कार्यान्वयन गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरिनेछ । अनियमित ढंगले रुख काटिएको कारण सिर्जना हुन सक्ने क्षतीको जिम्मेवार स्वयम् निजी वन धनी हुनेछ ।

ङ. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीतिहरुः

१५२. पञ्जीकरण, सामाजिक सुरक्षा भत्ता, सिफारिसपत्र र लेखाको आर्थिक कारोवार डिजिटल प्रविधि व्यवस्थित गर्दै लगिनेछ ।

१५३. गाउँपालिका र मातहतका कार्यालयहरुबाट पूर्ण रुपमा डिजिटल प्रविधिबाट सेवाप्रवाह गर्दै लगिनेछ ।

१५४. विद्युतीय शासन प्रणालीको प्रवर्द्धन गर्न गाउँपालिकामा रहेका सबै सरकारी संस्थाहरुमा इन्टरनेट सेवाको गुणस्तरमा सुधार गर्दै लगिनेछ ।

१५५. साकेला गाउँपालिकाको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, खेतीप्रणाली, रहनसहन आदिको प्रचारप्रसार लगायत गाउँपालिकाको दीर्घकालीन र अल्पकालीन विकास प्रयास सबै सामु पुर्याउनका लागि साकेला गाउँपालिकाको नाममा सञ्चालन गरिएको ट्वीटर, फेसबुक, टिकटक जस्ता सामाजिक सञ्जाल र अनलाइन खवर, अनलाइन टि.भि. र भ्लग जस्ता विद्युतीय खवर प्रणाली व्यवस्थित गर्दै लगिनेछ ।

१५६. गाउँपालिकाको विकास प्रयास प्रक्रियामा आवश्यक पर्ने विभिन्न किसिमका प्रशासनिक तथा प्राविधिक जनशक्तिको उत्पादन तथा विकास गर्दै लगिनेछ ।

१५७. गाउँपालिकाको विकास प्रक्रियामा महत्वपूर्ण योगदान पुर्याउने जनप्रतिनिधि (वहालवाला/पूर्व) नेपाल सरकारका विशिष्ट (वहालवाला/सेवानिवृति) कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, उपभोक्ता समिति, कृषक समूह, किसान, निर्माण ब्यवसायी, व्यापारी, उद्योगपति, स्थानीय गैरसरकारी संस्था, विकास साझेदारलाई कदर/सम्मानपत्रको साथमा नगद पुरस्कारको व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

१५८. गाउँपालिकालाई पूर्ण शान्ति क्षेत्र बनाउन सम्वन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

१५९. सुशासन स्थापनाका लागि सामाजिक जवाफदेहीताको विकास गरिनेछ ।

१६०. सरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त वनाउन विद्युतीय शासन प्रणालीको विकास गर्दै लगिनेछ ।

१६१. सरकारी सेवासुविधा, कार्यप्रगति, जानकारीमूलक सरकारी सूचनाहरु सम्वन्धित निकाय/पक्ष लगायत सर्वसाधरणको जानकारीको लागि वेभसाईटको प्रयोगलाई सेवाग्राहीमैत्री बनाउदै लगिनेछ ।

१६२. गाउँपालिकाको समग्र विकास प्रकृयामा नागरिकहरुको अर्थपूर्ण सहभागिताको लागि गाउँपालिकाले अवलम्वन गर्ने ऐन, कानुन, नियमावली, कार्यविधि, निर्देशिका, नीतिगत व्यवस्था लगायत अन्य विषयहरुको बारेमा जानकारी गराउन समुदाय तहमा विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

१६३. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, उपभोक्ता समिति, सुरक्षाकर्मी लगायत सार्वजनिक पद धारण गरेका व्यक्तिहरुमा सेवामुखी भावनाको विकासमा बढोत्तरी गर्न विज्ञहरु समेतको सहयोगमा विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६४. सुशासनमा सहयोग पुर्याउन विभिन्न सरकारी संस्थाहरुको प्रशासनिक कार्य तथा कार्यालय व्यवस्थापनमा सुधार गर्दै लगिनेछ ।

१६५. गाउँपालिकाको समग्र विकासमा सघाउ पुर्याउने हेतुले पदाधिकारी, कर्मचारी, शिक्षक, उद्यमी, विद्यार्थी, कृषक लगायत सामाजिक अभियन्ताहरुका लागि विभिन्न स्थानहरुमा अवलोकन भ्रमणको व्यवस्था गर्दै लगिनेछ ।

१६६. गाउँपालिकाको दिगो विकास नीतिमा राजनैतिक दल, योजना विद, शिक्षक, नागरिक समाजका अगुवा, विभिन्न स्थानीय गैरसरकारी संस्था, महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, बालबालिका, विद्यार्थी, एकल महिला, जेष्ठ नागरिक, युवा, आमा समूह, किसान, उद्योगी, व्यापारी, निर्माण ब्यवसायी, लगायत सरोकारवाला सबै पक्षहरुको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिने/गराइनेछ ।

१६७. साकेला गाउँपालिकाको विकास प्रयासको अभियानमा लिईएका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने क्रममा संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न गाउँ तथा नगरपालिका, विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था, विकास साझेदार, स्थानीय राजनैतिक दल लगायत सरोकारवाला सबै पक्षहरुसँग आवश्यक समन्वय एवम् सुमधुर सम्बन्ध कायम गर्दै लगिनेछ ।

१६८. स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को लागि गाउँपालिकाबाट भए गरेका सम्पूर्ण क्रियाकलापहरुको शाखागत रुपमा दुरुस्त अभिलेख राखि त्यसको प्रतिलिपि संघीय सरकारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१६९. स्थानीय तथा जिल्ला स्तरमा कार्यरत सञ्चारकर्मीहरुको संस्थागत विकासमा प्राथमिकता दिइनेछ ।

१७०. साकेला गाउँपालिकाभित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुले सरकारी कामकाजमा प्रयोग गर्ने चिठी पत्रको शिर भागमा शब्दहरु लेख्दा देवनागरी र श्रीजङ्गा दुबै लिपिको प्रयोग गर्नुपर्नेछ ।

च. वित्तीय तथा राजश्व सम्बन्धी नीतिहरुः

१७१. गाउँपालिकामा भएको मर्मत सम्भार कोषलाई बलियो बनाइ मर्मत सम्भार मापदण्ड तयार गरी कोषको रकम खर्च गरिनेछ ।

१७२. आवश्यकताका आधारमा विभिन्न किसिमका कोषहरुको स्थापना र सञ्चालन गरिनेछ ।

१७३. राजश्वको क्षेत्रहरु पहिचान गरी करका दरहरु निर्धारण गरेर गाउँपालिकाको आन्तरिक स्रोतको अभिवृद्धि गर्दै लगिनेछ ।

१७४. साप्सुखोला र तावाखोलामा रहेको रोडा र बालुवा उपयोग गर्नका लागि छिमेकी पालिकाहरुसँग समन्वय गरिनेछ ।

१७५. साकेला गाउँपालिको क्षेत्राधिकार भित्रका व्यक्तिहरुले आफ्नो स्वामित्वमा रहेका ढुङ्गा माटो लगायतका वस्तुहरु वेचविखन गरेमा उक्त सामग्रीलाई करको दायरामा ल्याइनेछ ।

१७६. साकेला गाउँपालिका मार्फत सञ्चालनमा आएको एम्वुलेन्स र ब्याक हो लोडरको परिचालन सम्बन्धी तयार भएको मापदण्डलाई समय अनुकूल परिमार्जन गरी सेवा उपलब्ध गराउदै लगिनेछ ।

१७७. साकेला गाउँपालिकाको वडा नं. ४ स्थित मानेभन्ज्याङमा लाग्ने हटियालाई व्यवस्थित गर्न समयानुसार हाटबजार कर निर्धारण गरी कार्यान्वियन गरिनेछ ।

सभा अध्यक्ष महोदय,

अव म साकेला गाउँपालिकाको तर्फबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा हासिल गरिएका प्रमुख उपलब्धीहरु यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

संघीय सरकार तथा साकेला गाउँपालिकाको लागत साझेदारीमा वाँझेच्यानडाँडा -रतन्छा-मानेभन्ज्याङ -काल्चिङखोला सडक खण्डको वाँझे, डाँडागाउँ, रतन्छा, मानेभन्ज्यङ र वोपुङ क्षेत्रमा ११ किलोमिटर ग्राभेल, ह्युमपाइप (Hume pipe) जडान, ग्यावियन पर्खाल, मेशिनरी पर्खाल तथा प्लम वालको निर्माण कार्य भइरहेका छन् यसैगरी साकेला पार्कका निर्माण कार्य अन्तर्गत शिवलिङ्ग पोखरी, चिन्डो, गौतम वुद्धको मूर्ति, टेवा पर्खाल र फोटो खिच्ने स्थानको निर्माण कार्य भइरहेका छन् ।कोशी प्रदेश सरकार र साकेला गाँउपालिकाको लागत साझेदारीमा कात्तिके सोस्तुङ -रतन्छा -नैनेपाटी (९ कि.मि.) सडक खण्डको पिनालाखा देखि नैनेपाटीसम्म ग्राभेल तथा ह्युमपाइप (Hume pipe) राख्रे गर्ने कार्य भइरहेको छ । प्रमुख सडक स्तरोन्नति अन्तर्गत हरेलोडाँडा -बानाचुङ -दोर्पा दिक्तेल (१४.१३ किलोमिटर) सडक खण्डको हरेलोडाँडा -सिम्ले -साप्सुखोला क्षेत्रको १० किलोमिटर सडकमा ग्याविन वाल, मेशनरी वाल, ह्युमपाइप (Hume pipe) तथा सडक चौडा गर्ने कार्य भइरहेका छन् ।संघीय सरकारको ससर्त अनुदान अन्तर्गत नौलाखर्क -हुपापु -आहाले -मानेगाउँ -छाँगेखोला सडक स्तरोन्नतिको कार्य र साकेला गाउँपालिकाको प्रशासकीय भवन जाने सडकको वेससम्मको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । कोशी प्रदेस सरकारको ससर्त अनुदान अन्तर्गत विर्ता -वोफुइ ३ किलोमिटर सडकको स्तरोन्नतिको कार्य अन्तिम चरणमा पुगेको छ ।

यसैगरी मानेभन्ज्याङ -पारुङ -कात्तिके ५ किलोमिटर सडक स्तरोन्नति, वेलासे ढाँढ नागी सडक, डाँडागाउँ खेलमैदान जाने सडक, मुइला -हुदावु जोड्ने सडक गरी जम्मा १६ सय मिटर नयाँ ट्र्याक खोलिएको

छ ।भवन तथा आवास कार्यक्रम अन्तर्गत वडा नं. १ र वडा नं. ५ को वडा कार्यालय भवन निर्माण भइरहेका छन् । खेलमैदान तर्फ साकेला गाउँपालिका वडा नं. ३ को पुकुलेवारी खेलमैदान र डिगेम्पा खेलमैदानको निर्माण कार्य सम्पन्न भएको छ भने कात्तिके खेल मैदानको स्तरोन्नति काम सम्पन्न भएको छ ।

संघीय सरकार, कोशी प्रदेश सरकार, स्वीस विकास सहयोग नियोग (SDC), र गाँउपालिकाको लागत साझेदारीमा सञ्चालन भएको नयाँ सिंचाईं योजना तर्फ साकेला गाउँपालिका वडा नं. २ को हरमा विसौना सिँचाईं योजना र साकेला गाउँपालिका वडा नं. २ को धोवीखोला सासिप सिंचाईं योजना निर्माण सम्पन्न भएका छन् । उक्त दुवै सिंचाईं योजनाको कुल लम्वाइ १४५२ मिटर रहेको छ भने उक्त योजनाहरुबाट २१ हेक्टर गरी हालसम्म सम्पन्न भएका सिंचाईं योजनाहरुबाट १०८६.९ हेक्टर जमिनमा सिँचाइ भइरहेको अवस्था छ । सम्पन्न भएका सिँचाइ योजनाबाट गाउँपाकालिको कृषि उत्पादनमा वृद्धि भई गाउँपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने विस्वास गरिएको छ ।

खानेपानी तथा सरसफाइ अन्तर्गत कोशी प्रदेश सरकारको अनुदान सहयोगमा साकेला गाउँपालिका वडा नं. ४ मा धिकुर्तुङ, पारुङ, मलढुङ्गा दलित वस्ती खानेपानी योजना सम्पन्न उन्मुख रहेको छ । साकेला गाउँपालिका वडा नं. २ को दारिमटोल खानेपानी योजना, वडा नं. १ को स्वास्थ्य कार्यालय खानेपानी योजना, देवीथान तथा खोक्मा खानेपानी ट्याङ्की मर्मत र जुरेभिर खानेपानी योजना, वडा नं. २ को खुस्तुङ खानेपानी योजना र मुलखर्क खानेपानी योजना, वडा नं. ४ को पाउदुरे खानेपानी योजना, वडा नं. ३ को वकौंउले खानेपानी योजनाको निर्माण कार्य सम्पन्न भएका छन् । सम्पन्न भएका खानेपानी योजनाहरुबाट १५२० घरधुरी परिवार लाभान्वित भएका छन् ।

संघीय सरकार, कोशी प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा साकेला गाउँपालिका वडा नं. ३ मा पदमार्ग निर्माण र पदमार्ग परिधि संरचना निर्माणको कार्य सम्पन्न भएका छन् । यसैगरी मिति २०८३ असार ४ गते तावाभन्ज्याङमा मुन्दुम पदमार्ग प्रवर्द्धनका लागि साकेला शिली महोत्वस २०८३ भव्यताकासाथ सम्पन्न भएको छ ।

कोशी प्रदेश सरकारको ससर्त अनुदान सहयोगमा साकेला गाउँपालिका वडा नं. ५ को साप्सु तावादोभान आर्यघाट तटबन्ध तथा खानेपानी व्यवस्थापन योजना, वडा नं. २ को सिटिइभिटी (CTEVT) भवन निर्माण योजना, वडा नं. १ मा वास सहितको शौचालय निर्माण, धन्नेश्वरी (धोद्रेश्वर) गुफा संरक्षण तथा सौन्दर्यकरणको कार्य सम्पन्न भएका छन् ।

साकेला गाउँपालिका वडा नं. २ को वडा कार्यालय घेरावारा, साल्मे आधारभूत विद्यालय मर्मत, वडा नं. ४ को हुपापु देवीथान प्रतिक्षालय निर्माण, आधारभूत स्वास्थ्य केन्द्र स्तरोन्नति, वडा कार्यालय परिसरमा तार घेरावारा निर्माण, सेतीदेवी मन्दिर निर्माण, वडा नं. १ को लहरेटोल घोरेटोबाटो सिढी तथा सोलिङ निर्माण, सामुदायिक स्वास्थ्य भवन व्यवस्थापन योजना, वडा नं. ३ को वोपुङ खेलमैदानमा शौचालय निर्माण, तावाखोलामा नियमित सडक सञ्चालनका लागि ग्यायविन जालि निर्माण कार्य सम्पन्न भएका छन् भने प्रशासकीय भवनको प्राङ्गनमा ढुङ्गा छपाइको कार्य समेत सम्पन्न भएको छ ।

विस्तृत आयोजना प्रतिवेदन (DPR निर्माण अन्तर्गत चालु आर्थिक वर्षमा नौलाखर्क -पारुङ -वाहुनडाँडा सडक कालो पत्रे सडक निर्माण, साकेला वसपार्क सहित वजार निर्माण, प्रशासकीय भवनको इन्टेरियर डिजाइन, कभर्डहल तथा तारेभिर मन्दिरको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएका छन् ।

कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत साप्सुखोला मात्तिम -मानेभन्ज्याङ -पाँचधारे सडक कालोपत्रे सडकको लागि स्तरोन्नति, छाँगेखोला मानेगाउँ हुपापु नौलाखर्क मानेभन्ज्याङ सडक स्तरोन्नति, झगरपुरदेखि कुरिमा सडक स्तरोन्नति, साकेला ५ को वरडाँडा -पलङ्गा -तावादोभान -टुकुरे दोभानहुँदै दिखुवा दोभानसम्म नयाँ सडक निर्माण, मखुवाखोला रतन्छा माझगाउँहुँदै पातलपानी डम्वरे सडक स्तरोन्नति, वोरा मुलडाँडा सडक स्तरोन्नति तथा सुमार्ग महिला विकास शसक्तिकरण भवन खिदिमाको निर्माण कार्य सम्पन्न उन्मुख रहेका छन् ।

कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वडा नं. १ को केमसेरा मूलखेत पहिरो नियन्त्रण, वडा नं. ४ को तारेभिर पर्यटन प्रवर्द्धन, वडा नं. २ को साकेला थान निर्माण, वडा नं. ५ को साकेला थान पार्क निर्माणको अन्तिम चरणमा पुगेका छन् ।

सभा अध्यक्ष महोदय,

वर्षायाममा आएको अविरल वर्षातको कारण विग्रिएको/भत्किएको सडक मर्मत सम्भार तर्फ गाउँपालिकामा निर्माणाधिन साप्सुखोला -मानेभन्ज्याङ -पाँचधारे सडक, बाँझेच्यानडाँडा -रतन्छा -मानेभन्ज्याङ -काल्चिङखोला सडक, सोस्तुङ कात्तिके -रतन्छा नैनेपाटी सडक, हरेलोडाँडा -डाँडागाउँ -वानाचुङ -दोर्पा दिक्तेल सडक, नौलाखर्क हुपापु -मानेगाउँ -छाँगेखोला सडकहरुमा नियमित सवारी साधन सञ्चालन हुनेगरी मर्मत गरिएका छन् ।

शाखा सडकहरु मर्मत सम्भार अन्तर्गत साकेला गाउँपालिका वडा नं. १ को खत्रीगाउँ सडक, कुन्तुङ धामीगाउँ सडक, वादुङ चखेवा सडक, चुइमा सडक, झगरपुर कुरिमा सडक, वडा नं. २ को निमालुङ मवु सडक, ओखलीढुङ्गा सडक, पातलपानी सडक, मिनेडाँडा माथिल्लो सडक, मुलखर्क मिनेडाँडा सडक, दारुलाटार वुतेपा सासिप सडक, पिनालाखा लामिदुवाली सडक, धिकुर्तुङ यतिम्छा सडक, वडा नं. ३ को तावाभन्ज्याङ मखमले किवा पुछ्मा सडक, पानटार लामिडाँडा दुङ्छेली सडक, सोल्मा सडक, कोक्रा मुङ्ला हुदावु सडक, हात्तिसुडे सडक, ढाँडे भुस्याहाडाँडा सडक, भाङटार खिदिमा सोल्मा मखमले सडक, पत्राङ्गेटार किवा सडक, वोपुङ तावाखोला सडक, वडा नं. ४ को वडा कार्यालय -पाउदुरे सडक, विसाउन वर मानेगाउँ सडक, विसाउन वर सल्लेरी सडक, हुपापु वडा कार्यालय सडक, नौलाखर्क पारुङ सडक, मानेगाउँ धिप्लुङ सडक, मिलनचोक मलढुङ्गा सडक, पारुङ मलढुङ्गा सडक र वडा नं. ५ को वोफुइ मिलनचोक वडा कार्यालय सडक , वाहुनडाँडा वडा कार्यालय साकेला थान सडक, डाँडाटोल शुन्यविन्दु तावाखोला सडक, कात्तिके वोफुइ सडक तथा कामीसरा जयपति थान सडकहरु नियमित सवारी साधन सञ्चान हुने गरी मर्मत सम्भार गरिएका छन् ।

सभा अध्यक्ष महोदय,

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तर्फ "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने मूल नाराकासाथ चालु आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत २५३ जना वेरोजगार व्यक्तिहरुको नाम सूचीकरण गरिएकोमा रोजगार व्यवस्थापन सूचना प्रणाली विधिबाट वेरोजगार व्यक्तिहरु छनौट गर्ने क्रममा जम्मा ५४ जना व्यक्तिहरु छनौट गरी उनीहरुलाई १०० दिनको रोजगार उपलब्ध गरिएको छ ।

वडा स्तरीय कार्यक्रमको सन्दर्भमा; वडा नं. १ को वेलासे ढाँडे सडक मर्मत, हरेलोडाँडामा २० मिटर पर्खाल निर्माण, अम्मात पोखरीमा ४८ मिटर सुक्खा पर्खाल निर्माण, डाँडाटोल सडकमा २० मिटर सोलिङ, चुइमा सडकमा २० मिटर सोलिङ निर्माण, कुन्तुङ धामीगाउँ जाने सडकमा २० मिटर सिढी र ड्रेन निर्माण, साप्सुखोलामा ११ मिटर जाली फिलिङ र मुनाम्तामा ११ मिटर तारजाली फिलिपङको निर्माण कार्य सम्पन्न भएका छन् । वडा नं. २ को धन्नेश्वरी (धोद्रेश्वर) गुफाहुँदै मपारुङ देविस्थान जोड्ने पदमार्गमा १५० मिटर सिढी र १८५ मिटर सोलिङ निर्माण, सरस्वती आधारभूत विद्यालयदेखि धिलावु जोड्ने गोरेटो वाटोमा ३५ मिटर सिढी र ५० मिटर सडक सोलिङ, साकेला माध्यमिक विद्यालयदेखि च्यानडाँडा जोड्ने गोरेटो वाटो १२० मिटर सिडी र कोलवोटेदेखि हुइलालेडाँडा जोड्ने गोरेटो वाटोमा ११० सिढी र १० मिटर सोलिङको निर्माण सम्पन्न भएका छन् । वडा नं. ३ को तावाभन्ज्याङको चिया वगान स्थानीय स्रोतको प्रयोग गरी घेरावारा निर्माण, शाखा सडकहरुमा आवश्यकतानुसार १३५ मिटर सोलिङको कार्य सम्पन्न भएका छन् । वडा नं. ४ को ओखेखोल्सीदेखि मिलडाँडासम्मको गोरेटोमा ९० मिटर सिढी तथा १० मिटर सोलिङ, रकमको घरमाथिदेखि वडा कार्यालयसम्मको पैदल बाटोमा ३० मिटर नाली र ८० मिटर सिढी, ओखरवोटेदेखि वालाजितको घरछेउसम्मको पैदल बाटोको ११० मिटर सिढी निर्माण, मानेगाउँ धिमालटोल जाने वाटो २० मिटर नाली, ८ मिटर सुक्खा पर्खाल र १६ मिटर सोलिङ निर्माण र वडा कार्यालयबाट हुपापु जाने बाटोमा २० मटर सोलिङको निर्माण कार्य सम्पन्न भएका

छन् । वडा नं. ५ को नारदको घरबाट खेलमैदान हुँदै विष्णु राईको घरसम्म ६२ मिटर घोरेटो वाटो मर्मत, टुलबहादुर खड्काको घर पछाडिको १२० मिटर वाटो मर्मत, कात्तिके खेलमैदान मुनीहुँदै विद्यालयसम्मको १२० मिटर वाटो मर्मत, शम्भु खत्रीको घरहुँदै धनबहादुर खत्रीको घरसम्मको ११७ मिटर वाटो मर्मत, देवीखोला हुँदै साकेलासम्मको १५० मिटर वाटो मर्मत र डाँडाटोल रमेश राईको घरदेखि पृष्टिसम्म ३० मिटर वाटो मर्मत कार्य सम्पन्न भएका छन् । यसैगरी पालिका स्तरीय कार्यक्रमको सवालमा; होमस्टेबाट वालवालिका माध्यमिक विद्यालय नौलाखर्क जाने ६५ मिटर सिढी स्तरोन्नति, धन्नेश्वरी (धोद्रेश्वर) गुफाबाट मपारुङ पर्यटकीय स्थल जाने पदमार्ग निर्माण, नागढुङ्गा सौन्दर्यकरण तथा व्यवस्थापन, चखेवा -सेखुवा -साप्सुखोला सौन्दर्यकरण तथा गाउँपालिकाको नयाँ प्रशासकीय भवन नजिक रहेको पुरानो सिढी स्तरोन्नति, तावाभन्ज्याङमा रहेको चिया नर्सरी व्यवस्थापन एवम् पार्कमा पर्यटन प्रवर्द्धनको लागि पूर्वाधारहरु निर्माण तथा स्तरोन्नति, र कुन्तुङ धामीगाउँदेखि सेखुवा जाने पदमार्ग स्तरोन्नतिको निर्माण कार्य सम्पन्न भएका छन् ।

सभा अध्यक्ष महोदय,

धार्मिक, सामाजिक तथा कला संस्कृतिको विकास अन्तर्गत साकेला गाँउपालिकाको महत्वपूर्ण स्थानहरुमा गाउँपालिकाको पर्यटन विकासमा टेवा पुग्ने गरी ऐतिहासिक धर्म, संस्कृति झल्कने भित्तेचित्र लेखन अन्तर्गत साकेला गाउँपालिका वडा नं. ५ को प्रवेशद्वार साप्सुखोला सडक किनारमा तेह्रजातिले पयर्टकलाई सामूहिक रुपमा स्वागत गर्दै गरेको, जयपति मन्दिर, नेपालको प्रमुख पर्यटकीय स्थलहरु र गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरुको भित्तेकला चित्र लेखनको कार्य सम्पन्न भएका छन् । मानेभन्ज्याङमा वुद्धको ध्यान मुद्रामा रहेको मूर्ती निर्माण कार्य सम्पन्न भएको छ । यसैगरी साकेला गाउँपालिकाको प्रवेशद्वार वडा नं. ५ को साप्सुखोलामा साकेला वाक र काठको पाहुना स्वागत गेट निर्माण भएका छन् ।साकेला गाउँपालिका वडा नं. ४ को नागढुङ्गामा नागको भित्ते चित्रकला, नाग ढुङ्गाको वरिपरि सिढी र सिढीमा रेलिङ निर्माण, पालिका परिसरको सौन्दर्यकरणका लागि पालिका परिसरको सिढीहरुमा झिलिमिलि वत्ती जडान गरिएका छन् । यसैगरी गत आर्थिक वर्ष निर्माण गरिएको भित्ते चित्रकला मध्ये नागढुङ्गा, यलम्वर र साकेला थान रतन्छाको भित्ते चित्रकलाको पुनःचित्रन गरिएका छन् ।

साकेला गाउँपालिकाको वडा नं. ३ को तावाभन्ज्याङमा पर्यटन प्रवर्द्धनका लागि स्थानीय स्तरमा प्राप्त हुने काठबाट एउटा ठूलो कुर्सी, काठको दुईवटा फोटो फ्रेम निर्माण, सहिद स्तम्भ पार्क मर्मत र सार्वजनिक शौचालयको निर्माण सम्पन्न भएका छन् । साप्सुखोला -मानेभन्ज्याङ -पाँचधारे सडक किनारको विभिन्न ९ स्थानमा काठबाट निर्मित वस विसौनी सँगै सूचना पाटी निर्माण भएका छन् भने तीन ठाउँमा ठूलो आकारको डष्टविन सेट जडान गर्ने कार्य सम्पन्न भएका छन् । यसै गरी अन्य मुख्य सडक र सहायक सडकहरुको विभिन्न ३० स्थानहरुमा समेत वस विसौनी र सूचना पाटीको निर्माण कार्य सम्पन्न उन्मख रहेका छन् ।

रैथाने ज्ञान अनुसन्धान केन्द्र प्रा.लि.काठमाण्डौको प्राविधिक सहयोगमा साकेला गाउँपालिकाको स्थाननाम तथा रैथाने ज्ञान प्रणालीको अनुसन्धान कार्य सम्पन्न गरिएको छ भने किरात मुन्दुम अध्ययन केन्द्र काठमाण्डौको प्राविधिक सहयोगमा साकेला गाउँपालिकामा रहेका किरात मुन्दुम कला, संस्कृति र सभ्यता विकासको अध्ययनको कार्य सम्पन्न भएको छ । यस्ता किसिमका अध्ययन अनुसन्धानका प्रतिवेदनले साकेला गाउँपालिकामा प्रचलनमा रहेका किरात चामलिङ राईहरुको मुन्दुम कला, संस्कृति र सभ्यता विकास सम्बन्धी जान्न चाहन सम्पूर्ण सरोकारवालाहरुलाई सहयोग पुग्ने विस्वास लिइएको छ । साकेला गाउँपालिको प्रमुख पर्यटकीय स्थलहरु मध्ये वडा नं. ५ को साप्सखोला पुल, साकेला थान रतन्छा, मानेभन्ज्याङ हाटडाँडा, तावाभन्ज्याङमा पर्यटकहरुको सुविधाको लागि इन्टरनेको फ्रि वाइफाइ सुविधा जडान गरिएका छन् ।

सभा अध्यक्ष महोदय,

स्वास्थ्य सेवा तर्फ चालु आर्थिक वर्षमा २१ वटा खोप केन्द्रबाट जन्मेदेखि १५ महिना सम्मका २२१ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार नियमित रुपमा पूर्ण खोप प्राप्त गरेका छन् । त्यसैगरी १६

देखि ५९ महिनाका बालबालिकाहरुको घरधुरी सर्वेक्षण गर्दा सवै वालवालिकाहरुले पूर्ण खोप लागाएको पाइएको छ । तसर्थ चालु आर्थक वर्षमा गाउँपालिकामा कुनै पनि बालबालिका खोपबाट वञ्चित नभएकोले मिति २०८२ साल फागुन ४ गतेदेखि फागुन ९ गतेभित्र सम्पूर्ण वडाहरुमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्पन्न गरिएको हुँदा गाउँपालिका तहको मिति २०८२ साल असार ०३ गतेका दिन औपचारिक रुपमा साकेला गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।

साकेला गाउँपालिकाको विभिन्न नौ आधारभूत तथा माध्यमिक विद्यालय र ५ वटा आधारभूत स्वास्थ्य संस्थाहरु गरी जम्मा चौध वटा खोप केन्द्रहरुबाट २०८२ साल फागुन २७ देखि ३० गतेसम्म कक्षा ६ मा अन्ययनरत ६७ जना छात्राहरुलाई पाठ्यघरको मुखको क्यान्सर विरुद्धको खोप (HPV) अभियान सञ्चालन गरिएको थियो । यसैगरी सवै स्वास्थ्य संस्था र २० वटा खोप तथा गाउँघर क्लिनिक मार्फत नियमित रुपमा प्राथमिक स्वास्थ्य सेवा, परिवार नियोजन, पोषण, क्षयरोग, कुष्ठरोग, एच.आइ.भी.एडस्, यौन तथा यौन जन्य रोग, वाल रोग, दीर्घ रोग एवम् महामारीजन्य रोग र सुरक्षित मातृत्व सेवा सञ्चालन भएका छन् ।

चालु आर्थिक वर्षको जेठ महिनाको ४ देखि १२ गतेसम्म पाँच वटै वडामा क्षयरोग खोजपडताल शिविर सञ्चालन गर्ने क्रममा ९८ जनाको खकार जाँच गरिएको थियो । उक्त खकार जाँचको नतिजा हेर्दा सबै जना स्वस्थ्य रहेको देखियो । आठ प्रकारका कडा रोग जस्तै क्यान्सर, मृगौला रोग, मुटु रोग तथा शरीरको मुख्य मेरुदण्ड भाँचिएको विरामीहरुलाई विपन्न उपचार सहुलियत कोष मार्फत उपचारको लागि चालु आ.व.मा २० जना विरामीलाई सिफारिस गरिएको छ भने चार प्रकारका (मृगौला फेल भइ डाइलाइसिस गराइरहेका, मृगौला फेल भइ मृगौला प्रत्यारोपण गराएका, क्यान्सर र मेरुदण्ड भाँचिएर पक्षघात भएका) कडा रोगका हाल सम्मका २० जना विरामी मध्ये १६ जना क्यान्सर रोगी, मृगौला फेल भइ डाइलाइसिस गरिरहेका विरामी ४ जना रहेका छन् । उनीहरुले प्रत्येक तीन तीन महिनामा मासिक रकम रु. ५०००।- (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) दरले औषधि उपचार वापत खर्च पाइरहेका छन् ।

नेपाल सरकारको नियमित कार्यक्रम अन्तर्गत साकेला गाउँपालिका भित्र रहेका ४३ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुले ६ देखि ५९ महिनासम्मका सम्पूर्ण वालवालिकाहरुलाई राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ । यसैगरी गाउँपालिकाको २८ वटै विद्यालयमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत १३९१ जना विद्यार्थीहरुलाई जुकाको औषधि स्वास्थ्यकर्मीहरुको उपस्थितिमा सम्बन्धित विद्यालयहरुले खुवाए थिए । ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत साकेला गाउँपालिकाको ७ वटै स्वास्थ्य संस्थाबाट ४४ जना गर्भवती महिलाहरुलाई ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सम्पन्न गरिएको छ । आमा सुरक्षा कार्यक्रम अन्तर्गत २१ जना सुत्केरीहरुलाई वर्थिङसेन्टरबाट नेपाल सरकारको नियमानुसार पाउने सेवा सुविधा उपलव्त्र गरिएको छ ।साकेला गाउँपालिकाको ५ वटै वर्थिङ सेन्टरमा सुत्केरी हुन नसकेको ११ जना गर्भवतीहरुलाई जिल्ला अस्पताल खोटाङसम्म निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ । मानसिक रोग तथा नसर्ने रोग सम्बन्धी साकेला गाउँपालिकाको प्रत्येक टोलमा प्रत्यक्ष स्वास्थ्य कर्मीको उपस्थितिमा नसर्ने रोग सम्बन्धी सुगर, उच्च रक्तचाप, मोटोपन सम्बन्धी ७५० जना व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरिएको थियो ।परिक्षणको क्रममा शंकास्पद सुगर तथा उच्च रक्तचाप भएका ४४ जना व्यक्तिहरुलाई थप उपचारको लागि जिल्ला अस्पताल खोटाङ जान सल्लाह प्रदान गरिएको थियो । साकेला गाउँपालिकामा सञ्चालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्र मार्फत नियमित सेवा प्रवाहमा सहजता ल्याउनका लागि २१ प्रकारको औषधि गाउँपालिका मार्फत व्यवस्था गरिएको छ ।

सभा अध्यक्ष महोदय,

साकेला गाउँपालिकामा सञ्चालन भइरहेको पूर्ण सरसफाइ अभियान अन्तर्गत विभिन्न तहका पूर्ण सरसफाइ अभियान समन्वय समितिहरु गठन भइ क्रियाशिल रहेका छन् । टोल विकास तथा सुधार समिति कै अगुवाइमा सवै टोलमा नियमित रुपमा सरसफाइ हुँदै आएको छ । गाउँपालिकाको २८ वटा विद्यालयमा सरसफाइ सचेतना

कार्यक्रम सञ्चालन गरिएका छन् । सम्पूर्ण विद्यालय परिसरमा शिक्षक विद्यार्थीहरुले नियमित रुपमा सरसफाइ गरिरहेका छन् । यसले गर्दा गत वर्षको तुलनामा यस वर्ष विद्यालय सरसफाइ क्षेत्रमा उल्लेख्य सुधार भएको देखिन्छ । गाउँपालिकाको सबै वडाबाट फोहोरमैला संकलन गरी पालिकाको फोहोरमैला व्यवस्थापन तथा वर्गीकरण क्षेत्रमा संकलन गरिएको छ । संकलित फोहोरमैला वर्गीकरण गरिएको छ । वर्गीकरण भएका फोहोरमैला मध्ये प्रदेश सरकारको ससर्त अनुदान सहयोगमा सिसाजन्य फोहोर प्रशोधनका लागि सिसा धुलो वनाउने (Glass crushing machine) उपकरण, धुलो भएको सिसालाई वर्गीकरण गर्ने उपकरण र प्लाष्टिकजन्य फोहोरको प्रशोधनको लागि प्लाष्टिक टुक्र्याउने (Palstic shredding machine) उपकरण समेत गरी जम्मा तीन थान मेशिन जडानको कार्य सम्पन्न भएका छन् । यी प्रशोधन गर्ने उपकरण जडान तथा सञ्चलनको लागि ट्रष्टको भवन समेत निर्माण समन्पन्न उन्मुख रहेको छ । यी उपकरण सञ्चानमा आए पछि नियमित रुपमा कम्तिमा तीन जना व्यक्तिहरुले रोजगार पाउनेछन् । गाउँपालिकाको पर्यटकीय स्थलहरु मध्ये तावाभन्ज्यङ, वावुपोखरी, रतन्छा साकेलाथान, मानेभन्ज्याङबजार, चखेवा लगायतका स्थानहरुमा नियमित सरसफाइको कार्य गरिएको छ । गाउँपालिका परिसरमा साप्ताहिक रुपमा सररफाइको कार्य भइरेहको छ । सरसफाइ सम्बन्धी चेतना बृद्दि गर्नका लागि गाउँपालिकाभित्रका महत्वपूर्ण स्थानहरुमा काठको सूचनापाटी स्थापना गरिने कार्य भइरेहको छ ।

सभा अध्यक्ष महोदय,

शिक्षाको विकास तर्फ गाउँपालिकामा अवस्थित ६ वटा माध्यमिक विद्यालयहरुबीच विद्यार्थीहरुको सर्वाङ्गिन विकासका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।सिद्धेश्वरी माध्यमिक विद्यालय खिदिमामा विज्ञान प्रयोगशाला व्यवस्थापन गरिएको छ । साकेला गाउँपालिका अन्तर्गत २८ वटै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि स्थानीय पाठ्क्रम निर्माणको कार्य सम्पन्न उन्मुख रहेको छ । प्रविधिमैत्री शिक्षाको विकास तथा विस्तार अन्तर्गत विद्यार्थीको शिकाइमा पहुँच अभिवृद्धि गर्न प्रथम चरणमा ६ वटा माध्यमिक विद्यालयहरुका कक्षा ६ देखि १२ कक्षासम्म डिजिटल शिकाइ व्यावस्थापन गरिएको छ ।विद्यालयको भौतिक संरचना पुनर्निर्माण अन्तर्गत साल्मे आधारभूत विद्यालय साकेला २ रतन्छा साल्मे, मानेगाउँ आधारभूत विद्यालय साकेला ४ मानेगाउँ र नवज्योती आधारभूत विद्यालय साकेला ३ ढाँडेको भवन तथा छाना मर्मत गरिएको छ ।

यसैगरी २८ वटै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको वैयक्तिक विवरण शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अध्यावधिक गरिएको छ । २८ वटै विद्यालयहरुमा विद्यालयको नियमित प्रशासनिक, शैक्षक तथा अन्य कार्यको सहजताका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) का सामग्रीहरु व्यवस्थापन गरिएको छ । साकेला माध्यमिक विद्यालय रतन्छामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) अन्तर्गत तीन वर्षे बाली विज्ञान अध्ययन् गर्ने पाँच वटै वडाका दलित, अल्पसंख्यक, विपन्न र जेहेनदार विद्यार्थीहरु मध्ये छनौट भएका दश जना विद्यार्थी अध्ययन गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । यसैगरी सोही विद्यालयमा चामलिङ भाषा अध्यापन गर्न र टाँकीवारी आधारभूत विद्यालयमा अध्यापनका लागि जनशक्तिको व्यवस्था गरिएको छ ।

सभा अध्यक्ष महोदय,

संघीय ससर्त अनुदान कार्यक्रम अन्तर्गत किसान सूचीकरणका लागि पेश भएका वडा नं. १ को किसान सूचीकरणको अभिलेख वडा समितिको बैठक तथा स्थलगत अनुगमनद्वारा प्रमाणिकरण गर्ने कार्य सम्पन्न भएको छ । साना सिँचाईं प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ५ साना सिँचाई निर्माण र विस्तार गरिएको छ । यसबाट करिव १२ हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको छ । कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत ४११ घरधुरीको सर्वेक्षण कार्य सम्पन्न भएको छ ।

प्रदेश ससर्त अनुदान कार्यक्रम अन्तर्गत वडा नं. १ र ३ को १४० घरधुरीको करिव ७ हेक्टर जग्गामा आलु खेतीको क्षेत्र विस्तार गरिएको छ ।कफी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ५ को २१८

घरधुरीको करिव १३ हेक्टर जमिनमा किसानसँगको साझेदारीमा २५ हजार कफीको वेर्ना रोपन भएको छ । सुन्तला खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ४ को १२३ घरधुरीको ९ हेक्टर जमिनमा किसानसँगको साझेदारी २८४१ कागती/सुन्तलाको विरुवा रोपन गरिएको छ । यस्ता किसिमका कार्यक्रमले स्थानीय स्तरमा रोजगारको अबसर सृजना भई नागरिकको आर्थिक स्तरमा सुधार हुँदै जाने विस्वास गरिएको छ । यसैगरी प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा कृषि एम्वुलेन्स खरिदको प्रकृया अन्तिम चरण रहेको छ । आगामी दिनमा किसानले उत्पादन गरेको कृषि तथा फलफूलजन्य वस्तुको ढुवानीमा सहजता हुने विस्वास गरिएको छ । प्रदेश सरकारकै अनुदान सहयोगमा निर्माण भइरहेको कृषि बजारको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकार र किसानको लागत साझेदारीमा प्राङ्गारिक मलको व्यवस्थापन गरिएको छ ।

गाउँपालिकाको नियमित कार्यक्रम अन्तर्गत कृषि वालिमा देखिएका मौसमी तथा आकस्मिक रोग तथा किराको समाधानका लागि वाली संरक्षण कार्यक्रम अन्तर्गत करिव १४० जना कृषकलाई वाली संरक्षण सम्बन्धी परामर्श सेवाका अतिरिक्त जैविक तथा वानस्पातिक विषादी वितरण गरिएको छ । पशु सेवा शाखाबाट नियमित रुपमा प्रदान भइरहेको सेवाका अतिरिक्त पशुपन्छी उपचार सेवा अन्तर्गत १३ सयं कृषक घरपरिवारको करिव ५ हजार भन्दा वढी पशुपन्छीहरुलाई विभिन्न किसिमका परजीवि नियन्त्रण तथा अन्य रोगको उपचार सेवा प्रदान गरिएको छ । भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र दिक्तेल खोटाङबाट पशुमा लाग्ने खोरेत रोग विरुद्धको दश हजार कोप प्राप्त भई करिव ६ हजार गाईभैंसी र करिव ७ हजार भेडा/वाख्राहरुमा खोप लगाइएको छ । यसैगरी सुँगुर पालक किसानको घरमा गई सात सय वटा सुँगुरमा स्वाइन फिवरको खोप लगाइएको छ ।

सभा अध्यक्ष महोदय,

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको चालु आर्थिक वर्ष २०८२/०८३ मा नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम अन्तर्गत २५ जना नयाँ उद्यमी सिर्जना गर्ने लक्ष्य रहेकोमा १९ जना नयाँ उद्यमीहरु सिर्जना भएका छन् । नयाँ उद्यमी हुनेहरुमा मात्तिम व्यावसायिक कफी खेती  लघु उद्यमी समूह वडा नं. ५ मात्तिम विर्ता, वोफुइ र साकेला टोलका उद्यमी/व्यक्तिहरु रहेका छन् । व्यावसायिक सीप विकास तालिम पश्चात समूह सदस्यहरुबाट उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण अन्तर्गत कफीको वेर्ना माग भएको हुँदा गरिबी निवारणका लागि लघु उद्यम विकास सञ्चालन निर्देशिका, २०७७ को बुदाँ नं. ४०, ४१ र ४२ बमोजिम २०२५ थान कफीको वेर्ना हस्तान्तरण गरिएको थियो

यसैगरी भइरहेका व्यवसायीको स्तरोन्नति तर्फ साकेला गाउँपालिका वडा नं. २ पिनालाखामा क्रियाशील धिलुङ्टो व्यावसायिक कफी खेती लघु उद्यमी समूहको २२ जना सदस्यहरुको लागि आवश्यकतामा आधारित व्यावसायिक कफी खेती स्तरोन्नति तालिम प्रदान गरिएको थियो । यही अवसरमा उक्त समूहमा कफी खेती विस्तारका लागि गरिबी निवारणका लागि लघु उद्यम विकास सञ्चालन निर्देशिका, २०७७ को बुदाँ नं. ४०, ४१ र ४२ बमोजिम ३००२ थान कफीको वेर्ना हस्तान्तरण गरिएको थियो । गाउँपालिकाबाट वुझेको कफीको वेर्ना कफी खेती गर्ने सबै उद्यमीहरुले आ-आफ्नो जग्गामा रोपन गरिसकेको व्यहोरा अनुरोध छ । यस्ता किसिमका कार्यक्रमबाट स्थानीय स्तरमा रोजगारीको अवसर सृजना हुनकासाथै क्रमिक रुपमा उनीहरुको आर्थिक अवस्था सुधार हुने विस्वास गरिएको छ ।

सभा अध्यक्ष महोदय,

महिला विकास अन्तर्गत महिलासँग उपाध्यक्ष कार्यक्रमबाट महिलाहरुको कार्यबोझ घटाउने उद्देश्यकासाथ आवश्यकताको पहिचान गरी पाँच वटै वडाका महिला तथा आमा समूहहरुलाई कुटानी पिसानीको ४ सेट कम्वाइन मिल र विभिन्न आमा समूहको भवनमा आवश्यक पर्ने फर्निचर मध्ये प्लाष्टिक टेवल/कुर्सी उपलब्ध गराउन ३५० थान प्लाष्टिक कुर्सी खरिद प्रकृया सम्पन्न भएको छ । उक्त सामग्री छानिएका महिला तथा आमा समूहलाई हस्तान्तरण गरिने व्यहोरा यो सम्मानित सभामा अनुरोध गर्दछु । "प्रविधिको सही प्रयोग गरौं लैंगिक

हिंसा अन्त्य गरौं" भन्ने मूल नाराकासाथ मिति २०८२ साल मंशिर ९ देखि २४ गतेसम्म महिला हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न गरिएको छ । नेपाली हिन्दू नारीको महान पर्व हरितालिका तीजको अवसरमा ५ वटै वडामा तीज सम्वन्धी कार्यक्रम सम्पन्न भएका छन् । साकेला गाउँपालिकामा सञ्चालनमा रहेका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि वालवालिकाहरुका लागि वाल अधिकार, वालविवाह न्यूनिकरण, लागू पदार्थ दुर्व्यसनी, साइवर अपराध लगायतका विषयमा सचेतना कार्यक्रम सम्पन्न गरिएको छ ।

आर्थिक वर्ष २०८०/०८१ बाट सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत साकेला गाउँपालिकाको सात वटै स्वास्थ्य सस्थाहरु मार्फत महिला स्वयम् सेविका र नव विवाहित जोडीहरुका लागि फोलिक एसिड चक्की सम्वन्धी अभिमुखरण कार्यक्रम सञ्चालन भएको छ । साकेला गाउँपालिकामा सञ्चालित २८ वटै विद्यालयहरुमा अध्ययनरत १७९ जना वालवालिकाहरुको कार्यगत सिमितताको प्रारम्भिक पहिचान गरिएको छ । अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा ५२ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बन्धित वडामा गई गाउँपालिंका अध्यक्ष र उपाध्यक्ष महोदयले अपाङ्गता सहायक सामग्री वितरण गर्नु भएको छ । यसै गरी २०८२ साल पुस ७ गते गाउँपालिकाको सभा कक्षमा १५ जना अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री नापजाँचको कार्य सम्पन्न गरिएको छ । यही अवसरमा पालिका अध्यक्ष र उपाध्यक्षको वाहुलीबाट २ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सिपि ह्वील चियर हस्तान्तरण गरिएको छ । स्वास्थ्य उपचार सहयोग कार्यक्रम अन्तर्गत वडा नं. ४ को २ जना मस्तिष्क पक्षघात भएका वालकहरुलाई ललितपुर जिल्लाको धापाखेलमा रहेको मस्तिष्क पक्षघात केन्द्र (Cerebral Palsi Center) मा एक महिनासम्म फिजियो थेरापी गरिनु साथै २५ जना उपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न अस्पतालहरुमा स्वास्थ्य उपचार सहयोग गरिएको छ । व्यवसाय सहयोग विस्तार कार्यक्रम अन्तर्गत वडा नं. ५ मा वाँसकला उद्योग सञ्चालन गर्ने एक जना व्यक्तिलाई व्यवसाय विस्तार सहयोग उपलव्ध गरिएको छ । घरमा आधारित शिक्षा कार्यक्रम अन्तर्गत दुई जना वालवालिकाहरुलाई मस्तिष्क पक्षघातमैत्री शैक्षिक सामग्री गरिएको छ । ह्वील चियरमैत्री घर मर्मत कार्यक्रम अन्तर्गत वडा नं. २, ४ र ५ का एक एक जना अपाङ्गता भएका व्यक्तिहरुको घरलाई मर्मत गरी अपाङ्गतामैत्री घर वनाइएको छ ।यसैगरी ५ वटै वडामा गठन भएका मिलिजुली समूहले आफ्ना सदस्यहरुलाई विउपूँजी सञ्चालन मार्फत स-साना व्यवसाय सञ्चालनका लागि सहयोगार्थ गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राईज्यूले व्यक्तिगत तर्फबाट प्रति समूह १५ हजारका दरले जम्मा रकम ७५ हजार साकेला अपाङ्गता सेवा समाजका अध्यक्षलाई हस्तान्तरण गर्नु भएको व्यहोरा अनुरोध छ ।

सामाजिक सुरक्षा भत्तालाई सहज, पारदर्शी र सेवामुखी बनाउन नवीकरण शिविर र वैंकिङ प्रणाली मार्फत वितरणका लागि वर्षको ३ पटक लाभग्राहीलाई पायक पर्ने ठाउँबाट भुक्तानी शिविर सञ्चालन गरिनुकासाथै अनिवार्य रुपमा वायोमेट्रिक प्रणाली लागू गरिएको छ । हरेक वडाहरुबाट अनलाइन प्रणाली मार्फत व्यक्तिगत घट्ना दर्ता, सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन सूचना प्रणाली (MIS) मा प्रविष्ट गर्नुका साथै डाटा शुद्धीकरणको कामलाई निरन्तर सञ्चालन गरिएको छ भने राष्ट्रिय परिचयपत्र वितरणको कार्य नियमित रुपमा भइरहेको छ ।

सभा अध्यक्ष महोदय,

अव म यस सम्मानित सभामा आर्थिक वर्ष २०८२/०८३ को आम्दानी र खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस गाउँपालिकाको मिति २०८३ असार ७ गतेसम्मको चालुतर्फ संघीय राजश्व वाँडफाँडको रकम बापत आम्दानी रकम रु. ५,४०,३१,७०२।७४ (अक्षरेपि पाँच करोड चालिस लाख एकतिस हजार सात सय दुई रुपैया पैसा चौरहत्तर मात्र), प्रदेश सवारी करबाट प्राप्त रकम रु. ३६,९८,४११।९० (छत्तिस लाख अन्ठानब्बे हजार चार सय एघार पैसा नब्बे मात्र), संघीय ससर्त चालुबाट रकम रु. १४,०१,४०,०००।- (अक्षरेपि चौध करोड एक लाख चालिस हजार रुपैयाँ मात्र), संघीय ससर्त पुँजीगत अनुदानबाट रकम रु. १,२९,६०,०००।- (एक करोड उनान्तिस लाख साठी हजार रुपैयाँ मात्र), गाउँपालिकाको आन्तरिक राजश्वबाट प्राप्त रकम रु.

२३,४२,४८१/६४ (तेईस लाख बयालिस हजार चार सय एकासी पैसा चौसट्ठी मात्र), संघीय विशेष अनुदानबाट प्राप्त रकम रु. ३८,५०,०००/०० (अड्तिस लाख पचास हजार रुपैयाँ मात्र) संघीय समपुरक अनुदान रकम रु. ५५,५०,०००।- (पचपन्न लाख पचास हजार रुपैयाँ मात्र), संघीय वित्तीय समानीकरण अनुदानबाट रकम रु. ६,३०,०९,०५० (छ करोड तिस लाख नौ हजार पचास रुपैयाँ मात्र), प्रदेश ससर्त चालुबाट रकम रु. ७५,६५,०००।- (अक्षरेपि पचहत्तर लाख पैसट्ठी हजार रुपैयाँ मात्र), कोशी प्रदेश ससर्त पुँजीगत रकम रु. २,३१,५९,०००।- (अक्षरेपि दुई करोड एकतिस लाख उनान्साठी हजार रुपैयाँ मात्र), प्रदेश समानीकरणबाट प्राप्त रकम रु. ५८,०९,०००।- (अक्षरेपि अन्ठाउन्न लाख उनान्साठी हजार रुपैयाँ मात्र) र बैंक मौज्दात रकम रु. २,२४,७७,६२०।१३ (अक्षरेपि दुई करोड चौबिस लाख सतहत्तर हजार छ सय बीस पैसा तेह्र मात्र) गरी जम्मा आम्दानी रकम रु. ३४,४७,४२,२५२/१७ (अक्षरेपि चौतिस करोड सत्चालिस लाख बयालिस हजार दुई सय बाउन्न पैसा सत्र मात्र) रहेको देखिन्छ । यस मध्ये भएको खर्चः जम्मा चालु तर्फ रकम रु. १४,६१,९१,२५२/८१ (अक्षरेपि चौध करोड एकसट्ठी लाख एकानब्बे हजार दुई सय बाउन्न पैसा एकासी मात्र) र पुँजीगत तर्फ खर्च रकम रु. ४,०४,४२,३०३/०० (अक्षरेपि चार करोड चार लाख बयालिस हजार तीन सय तीन रुपैयाँ मात्र) गरी जम्मा खर्च रकम रु. १८,८८,३३,५५५/५१ (अक्षरेपि अठार करोड अठासी लाख तेत्तिस हजार पाँच सय पचपन्न पैसा एकाउन्न मात्र) खर्च भएको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

सभा अध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरु र विनियोजित बजेटको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षमा आय तर्फ नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रकम रु. ७,४७,००,०००।– (अक्षरेपि सात करोड सत्चालिस लाख रुपैयाँ मात्र), राजश्व बाँडफाँडबाट रकम रु. ६,५६,७१,०००।- (अक्षरेपि छ करोड छपन्न लाख एकहत्तर हजार मात्र), ससर्त अनुदान तर्फ रु. १४,५४,००,०००।- (अक्षरेपि चौध करोड चौवन्न लाख रुपैयाँ मात्र), ससर्त अनुदान पुँजीगत तर्फ १,२१,००,०००।- (एक करोड एक्काईस लाख रुपैयाँ मात्र), संघीय सरकार समपूरक अनुदान तर्फ ३,५१,००,०००।- (अक्षरेपि तीन करोड एकाउन्न लाख रुपैयाँ मात्र), विशेष अनुदान पुँजिगत तर्फ रु. ९९,००,०००।- (अक्षरेपि उनान्सय लाख मात्र) प्राप्त भएको छ । यसैगरी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रकम रु. ५८,६९,०००।- (अक्षरेपि अन्ठाउन्न लाख उनान्सत्तरी हजार रुपैयाँ मात्र), सवारी कर बाँडफाँडबाट रकम रु. ५७,०९,१८६।- -(अक्षरेपि सन्ताउन्न लाख नौ हजार एक सय छयासी रुपैयाँ मात्र), प्रदेश ससर्त अनुदान तर्फ रु. ४२,६२,०००।- (अक्षरेपि बयालिस लाख बैसट्ठी हजार रुपैयाँ मात्र), प्रदेश सरकार पुँजीगत तर्फ ७४,९२,०००।- (एक चौरहत्तर लाख बयानब्बे हजार रुपैयाँ मात्र), समपूरक अनुदान पुँजीगत तर्फ २,०६,००,०००।- (दुई करोड छ लाख रुपैयाँ मात्र), मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन शुल्क बाँडफाँड बापत रु. २,००,०००।- (दुई लाख रुपैयाँ मात्र), बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) रहेको छ भने आ.व. २०८२/०८३ को राजश्व संकलन दरलाई समेत आधार मानी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रक्षेपित राजश्व रकम रु. ३५,००,०००।- (अक्षरेपि पैंतिस लाख रुपैयाँ मात्र) र आ.व. २०८२/०८३ बाट सरेर जाने बैंक मौज्दात रु. ३,५२,५१,८१४।- (तीन करोड बाउन्न लाख एकाउन्न हजार एक सय चौरासी रुपैयाँ मात्र) अनुमान गरिएको छ । यसरी आर्थिक वर्ष २०८३/०८४ को जम्मा आय रकम रु. ४२,५७,६५,०००।- (अक्षरेपि बयालिस करोड सन्ताउन्न लाख पैसट्ठी हजार रुपैयाँ मात्र) हुने भएको छ ।

यसरी संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम र पालिकाको आन्तरिक राजश्व संकलनबाट प्राप्त हुने रकम एवम् चालु तथा पुँजीगत रकम गरी आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि कुल बजेट सिमाङ्कन रकम रु. ४२,५७,६५,०००।- (अक्षरेपि बयालिस करोड सन्ताउन्न लाख पैसठ्ठी हजार रुपैयाँ मात्र) हुने गरी प्रक्षेपित अनुमान गरिएको छ ।

अब व्यय तर्फ विचार गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ मा चालु तर्फ रकम रु. २६,०४,८४,०००।- (अक्षरेपि छब्बिस करोड चार लाख चौरासी हजार रुपैयाँ मात्र) र पुँजीगत तर्फ रकम रु. १६,५२,८१,०००।- (अक्षरेपि सोह्र करोड बाउन्न लाख एकासी हजार रुपैयाँ मात्र) गरी कुल रुकम रु. ४२,५७,६५,०००।- (अक्षरेपि बयालिस करोड सन्ताउन्न लाख पैसठ्ठी हजार रुपैयाँ मात्र) प्रक्षेपण गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सभा अध्यक्ष महोदय,

साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम बजेटको विस्तृत विवरण अन्तर्गत साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कुल वार्षिक बजेट सिमा अनुसूची -१, आर्थिक वर्ष २०८३/०८४ का लागि २०८२/०८३ बाट सरेर जाने अनिवार्य वचतका कार्यक्रमहरू अनुसूची -२ ,विषय क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम तथा बजेट अनुसूची -३, वडागत बजेट सिलिङको कार्यक्रम तथा बजेट अनुसूची -४, गाउँपालिकाको शाखागत कार्यक्रम तथा बजेट अनुसूची -५, संघीय सरकार ससर्त अनुदान (चालु तर्फ) अनुसूची -६, संघीय सरकार ससर्त अनुदान (पूँजीगत तर्फ) अनुसूची -७, संघीय सरकार विशेष अनुदान (पूँजीगत तर्फ) अनुसूची -८, प्रदेश सरकार ससर्त अनुदान अनुसूची -९ र संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अनुसूची -१० मा समावेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सभा अध्यक्ष महोदय,

आ.ब. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनु हुने गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, वस्तीस्तरीय भेलादेखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सकृय हुनुहुने जनसमुदाय, नागरिक समाज, वुद्धिजीवी तथा बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिनु भएका कर्मचारी लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष रुपले सहभागी हुनुहुने एवम् अमूल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रवि प्रकाश राई
पालिका अध्यक्ष